# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

अनुसन्धान भनेको नयाँ तथ्यको खोजी गर्ने प्रक्रिया हो । कुनै पनि विषयवस्तुको बारेमा गरिने गम्भिर अध्ययन अनुसन्धानलाई नै सामान्य अर्थमा अनुसन्धान भनिन्छ । अनुसन्धान व्यवस्थित र निश्चित विधिहरूको अवलम्बन गरी वास्तविक सत्यता पहिचान गरिनु पर्दछ । अनुसन्धान व्यवस्थित एवम् तर्कसङ्गत प्रक्रियाहरू उपयोग गरी नविन सत्य तथ्यको पत्ता लगाउने र पूरानै तथ्यको पुनर्व्याख्या गर्ने कार्य अनुसन्धानले गर्दछ । अनुसन्धान वास्तविक सत्य तथ्यको पहिचान गर्दै पूरानो तथ्यको व्याख्या विश्लेषण गर्नु नै अनुसन्धान हो । यसरी कुनै पनि विषयवस्तुको बारेमा गरिने गहन अध्ययन नै अनुसन्धान हो ।

नेपाली भाषा भन्नु नै संस्कृत भाषा हो । संस्कृतबाट प्राकृत अपभ्रंश हुँदै नेपाली भाषाको जन्म भएको हो । अन्य आधुनिक भाषासँगै यसको जन्म पनि १००० ई. मा भएको मानिन्छ । भाषाको कथ्य रूपमा प्रयोग भएपश्चात् मात्र लेख्य रूपमा प्रयोग गर्न सकिन्छ । भाषाको कथ्य रूपको विस्तारित रूप नै लेख्य रूप हो । नेपाली भाषाको प्रथम प्रमाणित लेख्य रूप चाहिँ वि.सं. १०३८ को दामुपालद्वारा लिखित अभिलेखलाई मानिन्छ । उक्त अभिलेख दैलेखको दुल्लुमा रहेको कुरा उल्लेखित छ । यसपछि विभिन्न समयमा नलेखिएका अन्य लेखहरू ताम्रपत्र र शीलापत्र आदिमा विभिन्न व्यक्तिहरूद्वारा विभिन्न समयमा लेखिएको पाइन्छ ।

भाषा विचार विनियमको साधन हो । भाषा सामाजिक सम्पर्कको प्रभाव मात्र नभएर सूचना सम्प्रेषण गर्ने सशक्त माध्यम हो । विद्यार्थीहरूमा भाषिक सिपको विकासबाट नै बोध र अभिव्यक्ति क्षमताको विकास हुन्छ । जुनसुकै राष्ट्रमा पनि एउटा भाषाको माध्यम भाषाले मान्यता पाएको हुन्छ । नेपालमा पनि नेपाली भाषालाई नेपालको संविधान (२०७२) ले सरकारी कामकाजको भाषा मानिएको छ । भाषाशिक्षण गर्नु रहेको

छ । भाषाको बारेमा शिक्षण गर्नु नभई भाषिक सिप शिक्षण गर्नु हो । भाषामा भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारपक्षहरू महत्त्वपूर्ण मानिएको छ ।

कुनै पनि विषयवस्तु तथा पाठ्यपुस्तकमा चित्रको विशेष महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । चित्र एक प्रकारको तस्विर हो । चित्रलाई कक्षाकोठामा प्रयोग गरिने सामग्रीको रूपमा लिन सकिन्छ । माध्यमिक तहभन्दा निम्न माध्यमिक र निम्न माध्यमिक तहभन्दा पनि प्राथमिक तह विद्यार्थीहरूका लागि चित्रहरूको बढी उपयोगी मानिन्छ । चित्रलाई आलेख वा नक्सा पनि भन्ने गरिन्छ । यसले कुनै पनि शब्दले वर्णन गर्न नसकेको कुरालाई सरल र सहज किसिमबाट वर्णन गरी बुझाउन मद्दत पुऱ्याएको छ । विद्यार्थीहरूको सिकाइलाई उत्प्रेरणा र कक्षा प्रभावकारी बनाउन चित्रको विशेष प्रयोग गरिन्छ । चित्रको प्रयोग गरी कक्षा शिक्षण गर्दा विद्यार्थीहरू सिकाइ प्रति क्रियाशील भई सिक्न रुचाउँछन् । चित्र एउटा साधन हो । त्यसैले विद्यार्थीहरूलाई कुनै चित्र, नक्सा तथा फोटो तथा वास्तविक पदार्थ देखाएर शिक्षण गर्दा शिक्षणलाई सजिलो हुनुका साथै विद्यार्थीहरू सिकाइमा ध्यान दिइने गर्दछन् । चित्रवर्णन एक प्रकारको मूर्त वस्तुको वास्तविक अध्ययन हो । सामान्यतय चित्र भन्नाले कुनै पनि (मूर्ति, प्रतिमूर्ति, वास्तविक वस्तु) तस्विर चित्र फोटो आदि हेरी लिखित वा मौखिक रूपमा व्याख्या तथा विश्लेषण गर्नुलाई चित्रवर्णन भनिन्छ । कुनै पनि विषयवस्तु भावप्रति मनमा उब्जिएका भावहरूलाई प्रस्तुत गरिएको रूप नै चित्रवर्णन हो । यो एक प्रकारको अभ्यासात्मक कार्यकलाप हो । त्यसैकारण चित्रको वर्णन गर्ने तरिका विधि तथा प्रक्रियाहरू पनि फरक-फरक हुन सक्छ । चित्रले लेखाइ तथा भाषिक सिपको वृद्धि गर्न सहयोग गरेको हुन्छ । प्रस्तुत अध्ययन ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको स्थिति पत्ता लगाउनु नै प्रस्तुत अध्ययनको प्रमुख समस्या हो । त्यसको आधारबाट अध्ययनको सम्बन्धित विषयका समस्याको निर्क्यौल गरिएको छ कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन गर्दा शोधकार्यमा देखापरेका समस्याहरू यस प्रकार रहेका छन् :

क) ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमता कस्तो छ ?

ख) विद्यालय प्रकृतिका आधारमा चित्रवर्णन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको स्थिति पत्ता लगाउनु नै प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य हो । यस मूल उद्देश्य प्राप्तिका लागि अन्य निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छ :

क) ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन गर्ने क्षमताको पहिचान गर्नु,

ख) विद्यालय प्रकृतिका आधारमा चित्रवर्णन क्षमताको तुलना गर्नु,

ग) लैङ्गिकताका आधारमा चित्रवर्णन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषामा लेख्य र कथ्य गरी दुई किसिमको स्वरूपहरू हुने गर्दछ । विभिन्न शैक्षिक तथा प्रशासनिक कार्यमा भाषाको लेख्य रूपलाई बढी प्राथमिकता दिइने छ । त्यसैले लेखाइ सिपको अभिवृद्धि गर्न पनि चित्र, मूर्तिकलाको अध्ययन गर्न जरुरी रहेको छ ।

विद्यार्थीहरूलाई भाषिक विकासको साथै विषयवस्तुको बारेमा अध्ययन विश्लेषण गरी वर्णन गर्ने क्षमता तथा बानीको विकास गर्न यस अध्ययनले सहयोग पुऱ्याएको छ । लिखित र मौखिक क्षमताको विकास गर्नु नै चित्रवर्णन क्षमताले विशेष जोड दिइएको छ । कुनै पनि विषयावस्तु, चित्र, नक्सा, मूर्ति तथा पदार्थमा केन्द्रित भएर गरिने सिर्जनात्मक अभिव्यक्ति नै चित्रवर्णन हो । सामान्यतया चित्रवर्णन भन्नाले देखिएको वस्तुको बारेमा भन्नु, गर्नु, अध्ययन गर्नु, विश्लेषण गर्नु तथा पूर्नजानकारी लिनु र त्यससम्बन्धी गम्भिर अध्ययन गर्ने प्रक्रिया नै चित्रवर्णन हो । चित्रहरू विभिन्न किसिमको हुने गर्दछ । लिखित रूपमा अध्ययन गर्दा विविध चिजविज नक्सा तथा चित्र वस्तुलाई देखाएर त्यसको बारेमा लेख्न लगाइन्छ भने मौखिक रूपमा आफ्नो बोलीको हाउभाउ द्वारा आवाज निकालेर वस्तुको विभिन्न पक्षको मौखिक वर्णन गर्न लगाइन्छ । चित्रवर्णन आधारबाट विद्यार्थीहरूको भाषिक संरचनाको विकास गर्न र भाषाको चारै सिपको विकास गर्नु मद्दत पुऱ्याउने भएको कारणले अध्ययन गर्न सान्दर्भिकता देखिन्छ ।

'ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन' गर्दा प्राथमिक तहका विद्यार्थीहरूको चित्रवर्णनात्मक क्षमता पहिचान गर्नु उक्त तहका विद्यार्थीको लेखाइ शैली क्षमताको मूल्याङ्कन गर्नुका साथै चित्रवर्णन क्षमताको विकास गर्न विभिन्न क्रियाकलापहरू गर्नु नै प्रस्तुत अध्ययनको औचित्य रहेकोछ । प्रस्तुत शोध कार्यको लागि सान्दर्भिकता र उपादेयतालाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- चित्रवर्णन गर्ने क्षमताको विकास गर्न,
- लेखाइ क्षमताको पहिचान गर्न,
- भाषिक सिपको विकास गर्न,
- शिक्षकले विद्यार्थीहरूको स्तरअनुसारको प्रभावकारी कक्षा शिक्षण गर्न,
- विद्यार्थीहरूले आफ्ना मनमा उब्जिएका भाव विचार कल्पना आदि कुराहरूलाई उपयुक्त किसिमले प्रस्तुत गर्न ।

## १.५ शोधको परिसीमा

अनुसन्धान प्रतिवेदनमा अध्ययनको सीमा निर्धारण गर्नु आवश्यक छ । अनुसन्धान प्रतिवेदन तयार गर्दा यस विषयमा के-के कार्यहरू गर्ने हो सो निर्धारण गऱ्यो भने अध्ययनले निश्चित बाटो देखाउँछ तथा पहिल्याउँछ र कुनै पनि शङ्का तथा द्वितीय जस्ता कुराहरूलाई हटाइदिन्छ । प्रस्तुत अध्ययनका निम्न लिखित सीमाहरू रहेका छन् ।

- प्रस्तुत अध्ययन ललितपुर जिल्लाभित्रका पाँचवटा सामुदायिक र पाँचवटा संस्थगत विद्यालयका विद्यार्थीहरूमा सीमित रहेको छ ।
- प्रस्तुत अध्ययन कक्षा चारमा अध्ययनरत विद्यार्थीको चित्रवर्णन क्षमताको विश्लेषणमा सीमित रहेको छ ।
- प्रस्तुत अध्ययन १० वटा विद्यालयका चार कक्षामा अध्ययनरत १०० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।
- प्रस्तुत अध्ययन चार कक्षामा अध्ययनरत ५० सामुदायिक र ५० संस्थागत विद्यालयका विद्यार्थीहरूमा सीमित रहेको छ ।
- प्रस्तुत अध्ययन चार कक्षामा अध्ययनरत ५० छात्र र ५० छात्रामा मात्र सिमित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रमा विभिन्न अङ्गहरू रहेका छन् । यस शोधपत्रको रूपरेखालाई विभिन्न अध्ययन र शीर्षकहरूमा यसप्रकार उल्लेख गरिएको छ :

### अध्याय एक : शोधपरिचय

यस अध्यायअन्तर्गत विषय परिचय तथा अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, शोधको परिसीमा र शोधपत्रको रूपरेखा उपशीर्षकहरू रहेका छन् ।

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा**

यस अध्यायमा पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा शीर्षकहरू रहेका छन् । पूर्वकार्यको समीक्षाअन्तर्गत पुस्तक समीक्षा र शोधपत्र समीक्षा उपशीर्षकहरू रहेका छन् । अवधारणात्मक ढाँचाअन्तर्गत चित्रको परिचय, चित्रको परिभाषा, चित्रवर्णनमा लेखाइ शिक्षणको आवश्यकता र महत्त्व, मौखिक र लिखित भाषा तथा चित्रवर्णन शिक्षणका कार्यकलापहरू रहेका छन् ।

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया**

यस अध्यायमा अध्ययन विधि र प्रक्रिया शीर्षकहरू रहेका छन् । यसअन्तर्गत जनसङ्ख्याको पहिचान, नमुना छनोट, सामग्री सङ्कलनअन्तर्गत प्राथमिक स्रोत र द्वितीयक स्रोत, पूर्वपरीक्षण, सामग्री मानकीकरण, सामग्री कार्यान्वयन, तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रिया, अध्ययनमा साङ्ख्यिकीको प्रयोगअन्तर्गत तालिकीकरण वृत्तचित्र, मध्यमान र मानक विचलनको प्रयोग उपशीर्षकहरू रहेका छन् ।

**अध्याय चार : समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन**

यस अध्यायमा समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन मूल शीर्षक रहेको छ । यसअन्तर्गत समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमता मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमतासम्बन्धी उपशीर्षकहरू रहेका छन् ।

**अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन**

यस अध्यायमा विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन शीर्षक रहेको छ । यस मूल शीर्षकअन्तर्गत सामुदायिक विद्यलायका विद्यार्थीहरूको चित्रवर्णन क्षमता, संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलना, मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता, मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता, मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलना रहेको छ ।

**अध्याय छ : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन**

यस अध्यायमा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन शीर्षक रहेको छ । यस अध्यायअन्तर्गत छात्रहरूको चित्रवर्णन क्षमता छात्राहरूको चित्रवर्णन क्षमता, छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तुलना, मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको चित्रवर्णन क्षमता, मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको चित्रवर्णन क्षमता, मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तुलना उपशीर्षकहरू रहेका छन् ।

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता**

यस अध्यायमा सारांश, निष्कर्ष र उपयोगिता रहेको छ । उपयोगिताअन्तर्गत नीतिगत उपयोगिता र प्रयोगगत उपयोगितामा उपशीर्षकहरू रहेका छन् ।

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि शोध कार्य गर्नु पूर्व सम्बन्धित विषय क्षेत्रमा गई त्यहाँको शोधपत्रहरूको व्यवस्थित किसिमले अध्ययन गरी ती सम्पूर्ण कार्यहरूको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । अध्ययन विश्लेषण मूल्याङ्कन नगरीकन गऱ्यो भने अनुसन्धान तथा शोधकार्य निश्चित् गन्तव्य विहिन हुन पुग्दछ । त्यसैले अनुसन्धान गर्दा पूर्वकार्यको पुनरावलोकन गर्न अत्यन्त आवश्यक देखिन्छ । पूर्वकार्यको पुनरावलोकन गर्दा अनुसन्धान कार्यलाई सही पहिचान हुनका साथै सम्बन्धित विषयको कुन-कुन क्षेत्रमा अध्ययन भए र अर्को नयाँ अध्ययन हुन बाँकी क्षेत्रहरू पत्ता लगाउनु रहेको छ । अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा पुऱ्याउन पूर्वकार्यको पुनरावलोकन गर्नु पर्दछ ।

विद्यार्थीहरूमा रहेको भाषासम्बन्धी क्षमतालाई भाषिक क्षमता भनिन्छ । यही भाषिक क्षमता पहिचानका लागि बोध अनुसन्धान गरिनु पर्दछ । पूर्वकार्यको पुनरावलोकन गर्दा शोधकर्तालाई धेरै सहयोग पुग्नको साथै विभिन्न ज्ञान सिप धारणाको जानकारी प्राप्त गर्न सकिन्छ र त्यसैले प्रस्तुत अध्ययनमा आधारित भई पूर्वकार्यको पुनरावलोकन गर्दा विगतका पुस्तक तथा शोधपत्रहरूको निम्न रूपमा पुनरावलोकन गरिएको छ :

### २.१.१ पुस्तक समीक्षा

लामिछाने (२०६९) द्वारा *नेपाली भाषाशिक्षण* नामक पुस्तकमा पनि विभिन्न उपशीर्षकहरूमा लेखाइ शिक्षणका कार्यकलापअन्तर्गत वस्तु र चित्र घटनाकार्यको वर्णन गरिएको छ । विद्यार्थीहरूको लेखाइ क्षमताको विकास गर्नु कक्षाकोठामा कुनै पनि चित्र, नक्सा, मूर्ति र फोटो आदि वस्तुको प्रकारलाई चित्र भनिएको छ । माध्यमिक तहमा लिखित अभिव्यक्ति शिक्षणको महत्त्व र स्वतन्त्र लेखाइको शुद्धिकरणमा समेत देखा पर्ने समस्याहरूको अध्ययन गरिएको छ । लेखाइ सिपको सुधार गर्न विभिन्न विधि तथा क्रियाकलापहरू गराइन्छ । यस पुस्तकमा लेखाइ शिक्षणको आवश्यकता र महत्त्वलाई अध्ययन गरिएको छ ।

ढकाल (२०६९) द्वारा *नेपाली भाषाशिक्षण परिचय र प्रयोग* नामक पुस्तकमा पनि विभिन्न वस्तु तथा चित्रवर्णनको बारेमा केही विश्लेषण गरिएको पाइन्छ । उक्त पुस्तकमा कुनै पनि वस्तु घटना प्रतिमूर्ति आदिको बारेमा वर्णन गर्नुलाई नै चित्रवर्णन भनिएको छ । विद्यार्थीहरूलाई चित्रवर्णन गर्न लगाउदा के-कस्ता कार्यकलाप गराउने, कसरी प्रभावकारी गराउने चित्रवर्णनका क्रममा के कस्ता फाइदा र बेफाइदा हुन्छ त्यसको बारेमा पत्ता लगाउन चित्रवर्णन शिक्षण आवश्यक देखिन्छ । चित्रहरू वर्णन गर्न लगाउँदा विद्यार्थीहरूलाई के कस्तो प्रकारको वस्तु तथा चित्रहरू कसरी देखाउन जस्ता कुराहरू पनि उक्त पुस्तकमा समावेश गरिएको छ ।

ढुङ्गेल, दाहाल (२०५९) द्वारा *नेपाली भाषाशिक्षण* नामक पुस्तकमा चित्र तथा वस्तु प्रतिमुर्तिको रचना चित्रको परिचय आवश्यकता र शिक्षण विधिको बारेमा उल्लेख गरिएको पाइन्छ । चित्र शिक्षणका कार्यकलापका साथै चित्रवर्णनले विभिन्न लेखाइ सिपको विकास गर्ने भएको कारण उक्त पुस्तक शोधकार्यसँग सम्बन्धित भएकाले यस शोधकार्यका लागि धेरै उपयोगी हुने देखिन्छ । यसका साथै यस पुस्तकमा चित्र तथा वस्तुहरूलाई प्रत्यक्ष रूपमा देखाएर चित्रको वर्णन गरिएको हुनाले अझ प्रस्तुत शोधकार्यका लागि फाइदा भएको छ ।

अधिकारी (२०६२) द्वारा *नेपाली भाषाशिक्षण* नामक पुस्तकमा शिक्षणका विभिन्न पक्षहरूका बारेमा चर्चा गर्ने क्रममा लेखाइ शिक्षणको चर्चा गरिएको छ । उक्त पुस्तकमा लेखाइ सीपसँग सम्बन्धित भएका विविध चित्र घटनाहरूको वर्णन गरिएको पाइन्छ । चित्रवर्णनका उपयोगीता फाइदा बेफाइदाका साथै चित्रको विकास तथा निर्माण कसरी गर्ने भन्ने कुराको जानकारी दिइएको हुनाले प्रस्तुत शोधकार्यका लागि उक्त पुस्तक उपयोगी मानिन्छ । चित्रहरूको उपयोग कसरी गर्ने ? चित्रको प्रयोग गर्दा विद्यार्थीहरूमा भाषिक अभिव्यक्तिका साथै वाक्यगठनको अभ्यासका लागि पनि चित्रहरूको उपयोग लाभदायक हुन सक्ने देखिन्छ । तसर्थ यो पुस्तक प्रस्तुत शोधपत्रको लागि बढी उपयुक्त मानिन्छ ।

अधिकारी (२०६९) द्वारा *नेपाली भाषाशिक्षण* नामक पुस्तकमा लेखाइ शिक्षणका क्रममा विभिन्न क्रियाकलापको अध्ययन गर्नुको साथै शिक्षार्थीहरूलाई कुनै खास चित्र तथा मूर्तिको आकार र प्रकार महत्त्वलाई मौखिक अध्ययन र अभिव्यक्ति क्षमताको अध्ययन गरिएको छ । यस पुस्तकमा चित्रको वर्णन गर्ने तरिका र चित्रलाई कसरी उपयोग गरी कक्षा शिक्षण गरिन्छ भन्ने तथ्यको पनि अध्ययन गरिएको छ । चित्रहरूलाई कक्षाकोठामा प्रयोग गरी चित्रलाई देखाएर खास शब्दको अर्थलाई शिक्षण गरिएको छ । यसमा विभिन्न लेखाइ सिपको विकास हुनाको साथै शब्दभण्डार क्षमताको पनि अध्ययन गरिन्छ र यो पुस्तकमा चित्रवर्णन गर्दा विद्यार्थीहरूलाई के कस्ता कार्यकलापहरू गराइन्छ भन्ने कुराको बारेमा व्याख्या विश्लेषण गरिएको छ ।

पोखरेल, काफ्ले, दाहाल (२०६९) द्वारा *नेपाली भाषाशिक्षण* नामक पुस्तकमा पनि चित्रको वर्णन गरिएको पाइन्छ । कक्षा शिक्षण गर्दा वस्तु तथा चित्रको प्रयोग कसरी गर्ने र चित्रको आकार, प्रकार, कार्य तथा महत्त्वका बारेमा वर्णन गरिएको छ । चित्रको वर्णन गर्ने तरिका भाषाशिक्षणमा पनि चित्रहरूको अत्यन्त उपयोगी हुनाले उक्त पुस्तक प्रस्तुत शोधकार्यका लागि उचित देखिन्छ । यस पुस्तकका चित्रहरूको बारेमा व्यापक जानकारी दिइएको छ र चित्रको प्रयोगबाट भाषाको शिक्षण गर्न पनि मद्दत पुऱ्याउने भएकाले यस पुस्तक बढी उपयोगी देखिन्छ ।

पौडेल (२०७०) द्वारा *नेपाली भाषाशिक्षण* पुस्तक पनि उल्लेखनीय रहेको छ । उक्त पुस्तकमा वस्तु तथा चित्रको परिचय र प्रकार शिक्षणको कार्यकलापका साथै विभिन्न उपशीर्षकहरू रहेको छ । कुनै पनि मूर्ति, प्रतिमूर्ति, वास्तविक वस्तु, चित्र, तस्विर वा फोटो आदि हेरी लिखित रूपमा बयान वा वर्णन गर्न लगाउनुलाई नै चित्रवर्णन हो भन्ने तथ्य प्रमाणित गरिएको छ । यो कार्यकलाप मौखिक अभिव्यक्ति विसर्जन मौखिक रूपमा पनि सञ्चालन गर्न सकिन्छ । मौखिक वर्णनकै व्यवस्थित रूपलाई लिखित रूप भन्न सकिन्छ । कुनै पनि वस्तु भावप्रति मनमा उब्जेका कुरालाई लेख्न लगाई चित्रको वर्णन गर्न लगाउन सकिन्छ ।

शर्मा, पौडेल (२०७०) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तकमा पनि चित्रवर्णन सम्बन्धित कुराहरू चर्चा गरिएको छ । उक्त पुस्तकमा पनि लिखित र मौखिक अभिव्यति सिपको अध्ययन गर्दै चित्र मूर्तिकला, जीवनी फोटा तथा तस्विर आदिको वर्णन गरिएको छ । कक्षा कोठामा चित्रको वर्णन गराउदा लिखित र मौखिक आधारमा कार्यकलाप सञ्चालन गर्नु पर्ने तथ्य रहेको छ । चित्रको वर्णन गर्न लगाउदा विषयवस्तुसँग सम्बन्धित कुनै प्रकारको तस्विर जीवनीको चित्र देखाई वयान तथा वर्णन गर्न लगाउनु पर्दछ र त्यसैगरी मौखिक रूपमा चित्रको बारेमा भन्न लगाउने, व्याख्या विश्लेषण गर्न लगाई उच्चारण समेत गर्न लगाउने चित्र के हो ? चित्रलाई कसरी वर्गीकरण वर्णन गर्न लगाउने ? पूर्ण जानकारी गराउनु पर्दछ ।

यसरी माथि उल्लेखित विद्वान् र उनका पुस्तकका अलवा अन्य विभिन्न पुस्तक पनि यस शोधसँग सम्बन्धित रहेका छन् । तीमध्ये उल्लेखित पाठ्यपुस्तकहरूले प्रस्तुत शोध कार्यलाई सहयोग पुऱ्याउने छन् र आधार सामग्रीका रूपमा वा द्वितीयक सामग्रीका रूपमा रहेको छ ।

### २.१.२ शोध समीक्षा

अधिकारी (२०६०) द्वारा *कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधपत्रमा कक्षा आठको हाम्रो नेपाली किताबमा प्रयोग भएका शब्दहरूमा विद्यार्थीहरूको क्षमता पहिल्याउने, स्थानीयता, लिङ्ग, भाषिक पृष्ठभूमि र उमेरका आधारमा कक्षा आठ पूरा गरेको विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्ने उद्देश्यमा केन्द्रित छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको उक्त शोधपत्रमा शब्दभण्डार क्षमता सन्तोषजनक नरहेको ग्रामिण क्षेत्रका विद्यार्थीहरूको शब्दभण्डार क्षमता तुलनात्मक रूपमा कमजोर रहेको, छात्राहरूको शब्दभणडर क्षमता अगाडि रहेको, दोस्रो भाषाका रूपमा नेपाली पढ्नेको शब्दभण्डार क्षमता कमजोर रहेको र पहिचानात्मक शब्दभण्डार क्षमता विद्यार्थीहरू निकै कमजोर रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

सुवेदी (२०६०) द्वारा *पाँच कक्षामा अध्ययन र विद्यार्थीहरूको सस्वरवाचन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । यस अध्ययनमा काठमाडौं उपत्यका भित्रका दश वटा विद्यालयलाई छनोट गरेको पाइन्छ । जसमा पाँच संस्थागत विद्यालय र पाँच सामुदायिक विद्यालयहरू छन् । यस अध्ययनमा एक विद्यालयबाट १० जनाको दरले जम्मा सय जनालाई नमुनाको अनुरूप छनोट गरिएको छ । अध्ययनको समग्र स्थितिलाई हेर्दा केही ठाउँमा कम विराम, आरोह र अवरोह नमिलाएको साथै उपयुक्त हाउभाउ अङ्ग संचालन समेत गर्न नसकेको तथ्य स्पष्ट हुन्छ । उनको अध्ययन अधिकांश विद्यार्थीहरू मध्यम र निम्न श्रेणी रहेको पाइन्छ ।

निरौला (२०६२) द्वारा *कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध क्षमताको पहिचान गर्नु, निबन्ध लेखन क्षमताको तुलना गर्नु तथा सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्य राखिएको पाइन्छ । विधिअन्तर्गत तथ्याङ्क सङ्कलन, प्रतिशताङ्क मानक विचलन, माध्यमान जस्ता तथ्याङ्कशास्त्रीय विधिहरूको प्रयोग गरिएको पाइन्छ । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बिच तुलना गरिएको छ । निष्कर्षमा विद्यार्थीहरू निबन्ध क्षमता कमजोर रहेको देखाएको छ । उक्त अध्ययनमा सामग्रीको निर्माण र मानकीकरणमा त्यति ध्यान दिएर अध्ययन गरिएको देखिँदैन । निबन्ध लेखन क्षमतासँग लिखित अभिव्यक्ति क्षमतासँग शीर्षक मिल्दोजुल्दो देखिन्छ । अध्ययनीय शीर्षकमा चित्र तथा वस्तु वर्णनका क्रममा लिखित अभिव्यक्ति क्षमताको अध्ययन गरिने हुनाले निबन्ध लेखन क्षमताभन्दा स्पष्ट रूपमा फरक देखा पर्दछ ।

ढकाल (२०६३) द्वारा *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको छ । उहाँले पनि विद्यार्थीहरूलाई सस्वर पठन गर्न लगाएर उनीहरूको क्षमताअनुसारको अत्युउत्तम, उत्तम र मध्यम अति निम्नस्तरमा विभाजन गरेका तथ्याङ्क विश्लेषण र सङ्कल्प गर्नु भएको छ । समग्र अध्ययनलाई हेर्दा गति, यति, आघात, पदयोग, पदवियोग, चिह्न आदिमा निकै गल्ती रहेको पाइन्छ । अध्ययनले सबै विद्यार्थीहरूलाई मध्यम र निम्तस्तर नै देखाइएको छ ।

रेग्मी (२०६४) द्वारा *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूमा लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाइन्छ । जसमा मातृभाषी विद्यार्थी र विमातृभाषी विद्यार्थीहरूको लेख्य चिह्नसम्बन्धी क्षमताको अध्ययन र्ने र समाधानको लागि सुझाव दिने उद्देश्य राखिएको छ । काठमाडौं उपत्यकाका संस्थागत र सामुदायिक विद्यालय गरी आठ वटा विद्यालयमा सर्वेक्षण विधिको प्रयोग गरिएको छ । उक्त कार्यमा विद्यार्थीहरूको लेख्य चिह्न प्रयोगका क्षमता सन्तोषजनक रहेको देखाइएको छ । लेख्य चिह्न प्रयोगमा नियन्त्रित प्रश्नको प्रभावकारिता न्यून हुने र सन्तोषजनक परिणाम आउनुमा ढुक्क हुने अवस्था भने रहँदैन । लिखित अभिव्यक्ति क्षमताका लागि लेख्य चिह्न आवश्यक तत्व हो । दुबै शीर्षक लेखन सिपसँग मिल्ने देखिन्छ । लेख्य चिह्न प्रयोग क्षमताको अध्ययनमा लेख्य चिह्नलाई केन्द्रबिन्दुमा राखेर अध्ययन गरिएको छ भने अध्ययनी शीर्षकमा लेख्य चिह्नका साथै लिखित अभिव्यक्तिमा अन्य क्षेत्रसम्बन्धी पनि अध्ययन गरिएकाले भिन्न एवम् विशिष्ट रूपमा देखापर्दछ ।

पौडेल (२०६५) द्वारा *सिन्धुली जिल्लाका कक्षा छमा अध्ययनरत दनुवारी मातृभाषी विद्यार्थीहरूको स्तरिय नेपालीमा लिखित अभिव्यक्ति क्षमताको अध्ययन* गरिएको पाइन्छ । उक्त अध्ययनमा लिखित अभिव्यक्ति क्षमताको अध्ययन गर्नु, परीक्षणीय पक्षहरूका आधारमा तथ्याङ्कको विश्लेषण गर्नु र सुझाव दिनु जस्ता उद्देश्यहरू राखिएको छ । विद्यार्थीको लिखित अभिव्यक्ति क्षमतामा कमजोर हुनाको साथै विभिन्न समस्याहरू देखाइएको छ । किनारा छोडाइ र वाक्य गठनमा छात्रा र छात्रबिच समानता सङ्गठन र शृङ्खलाबद्धताको स्तर पनि निम्न रहेको छ । लिखित अभिव्यक्ति क्षमतामा परीक्षणीय पक्षहरूको राम्रो अध्ययन उक्त शोधमा भएको छ । शब्द अर्थ र अक्षरको अस्पष्टता यसका कमजोरीहरू रहेको छ । एउटै पेज दुई ठाउँमा रहनु जस्ता त्रुटिहरू उक्त शोधमा पाउन सकिन्छ । यति हुँदाहुँदै पनि कक्षागत विविधता, अध्ययन क्षेत्रगत विविधता एवम् शीर्षकगत विविधता आदिका कारण उक्त शोधको तुलनामा अध्ययनीय शोधकार्य नितान्त रूपमा भिन्न एवम् मौलिक देखा पर्छ ।

रोकाय (२०६५) द्वारा *कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अध्ययन* नामक शोधपत्रमा काठमाडौं उपत्यकाका ८ वटा विद्यालयहरूबाट १०/१० जनाका दरले ८० जना विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्ने उद्देश्यले शोधपत्र तयार पारिएको छ । लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा तयार पारिएको यस शोध अध्ययनमा समग्र विद्यार्थीले देखाएको निबन्ध लेखन क्षमता त्यति धेरै सन्तोषजनक नरहेको निष्कर्ष निकालिएका छन् ।

बडु (२०६६) द्वारा *कक्षा चारमा अध्ययनरत दार्चुली भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन* गरिएको पाइन्छ । कक्षा चारमा अध्ययनरत दार्चुली भाषी विद्यार्थीहरूको उच्चारण क्षमता पहिल्याउनु र त्यसको बारेमा वर्णन विश्लेषण गरी उपयुक्त सुझावहरू प्रस्तुत गर्नु उक्त शोधकार्यको उद्देश्यहरू रहेका छन् । नमुना जनसङ्ख्याका रूपमा दार्चुलाको दुहुली क्षेत्रका ६ वटा सामुदायिक विद्यालयबाट कक्षा चारमा अध्ययनरत ६० जना विद्यार्थीहरूको छनोट गरिएको उक्त अध्ययनमा सबैभन्दा बढी त्रुटिसम्बन्धी कम र संयुक्त र मिश्र वर्णनको उच्चारणमा भएको निष्कर्ष निकालिएको छ ।

खतिडा (२०६६) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चित्र तथा वस्तु वर्णनसम्बन्धी लिखित अभिव्यक्ति क्षमताको अध्ययन* गरिएको पाइन्छ । उक्त शोधपत्रमा विद्यार्थीहरूको चित्र तथा वस्तु वर्णनसम्बन्धी अध्ययन गरिएको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले के कसरी चित्रहरूको वर्णन तथा विश्लेषण गर्न सक्दछन् तथा गर्दछन् भन्ने कुराहरूको अध्ययन यस शोधपत्रमा उल्लेख गरिएको छ । चित्र तथा वस्तुको बारेमा गरिने अध्ययन तथा अनुसन्धानले लिखित अभिव्यक्ति क्षमताको आधारमा प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । यस सन्दर्भमा लिखित अभिव्यक्ति क्षमताको अध्ययनमा देखिएका समस्याको निराकरणका साथै सुझाव समेत प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । उक्त शोधकार्यमा पाँचवटा सामुदायिक विद्यालय र पाँचवटा संस्थागत विद्यालयका अध्ययनरत विद्यार्थीहरू प्रतिनिधि नमुनाको रूपमा

लिइएको छ । उक्त शोधमा छात्र र छात्राहरूबिच तुलनात्मक अध्ययन गरिएको छ । जसमा छात्राहरूभन्दा छात्रहरूको चित्रवर्णन गर्ने क्षमता उच्च रहेको देखिन्छ ।

पोखेल (२०६६) द्वारा *कक्षा आठ उत्तीर्ण गरेको विद्यार्थीहरूको वादविवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधकार्यको उद्देश्य कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गर्नु वादविवाद लेखनमा देखिएका कमी कमजोरी पत्ता लगाई सुझाव प्रदान गर्नुका साथै सामुदायिक र संस्थागत छात्रा र छात्रबिच तुलनात्मक अध्ययन गर्नु रहेको छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी तयार गरिएको यो शोधपत्रमा प्राथमिक स्रोततर्फ झापा जिल्ला भित्रका सामुदायिक र संस्थागत १० विद्यालयका १०/१० जनाका दरले १०० जना विद्यार्थीहरू रहेका छन् भने द्वितीयक स्रोतका बारेमा कतै उल्लेख गरिएको छैन । मध्यमानका आधारमा सामुदायिक विद्यालयका समूहका छात्राहरूका अध्ययन गर्दा मध्यमानभन्दा माथि २४ प्रतिशत र मध्यमानभन्दा तल २६ प्रतिशत विद्यार्थी रहनुले उनीहरूको वादविवाद लेखन क्षमता चित बुझ्दो पाइदैन । यस अध्ययनले वादविवाद लेखनमा ग्रामीण भेगका विद्यालयमा कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

मडै (२०६६) द्वारा *बैतडी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । बैतडेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमताको पहिचान गर्नु, उच्चारण क्षमताको कठीनाई पत्ता लगाउनु वा कठीनाई निराकरणका उपायहरू पत्ता लगाउन जस्ता उद्देश्यहरू राखी शोधपत्र प्रस्तुत गरिएको छ । पुस्तकालयीय पद्धतिमा आधारित उक्त शोधकार्यमा बैतडेली भाषिकालाई नेपाली भाषाकै क्षेत्रमा मानिने यो भेद परपश्चिमाअन्तर्गत पर्ने मौलिक विशेषता सहितको क्षेत्रीय भेद जस्ता निष्कर्ष निकालिएको छ । यस अध्येताको लागि उनको सैद्धान्तिक अवधारणासम्बन्धी दृष्टि महत्त्वपूर्ण हुने देखिन्छ ।

नेपाल (२०६७) द्वारा *कक्षा छ पूरा गरेका विद्यार्थीको निवेदन लेखन क्षमताको अध्ययन* गरिएको पाइन्छ । यस अध्ययनमा सर्वेक्षण विधिको प्रयोग गरी गरिएको उक्त अध्ययन सिन्धुपाल्चोक जिल्लाका दश वटा विद्यालयका कक्षा छमा अध्ययनरत जम्मा ८०

जना विद्यार्थीहरू सीमित छ । विद्यालयको प्रकृति र भाषिक संरचनाको आधारमा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाइएको छ । यसमा संस्थागत विद्यालयका विद्यार्थीको निवेदन लेखन क्षमता सामुदायिक विद्यालयका विद्यार्थीको भन्दा निकै उच्च रहेको छ । छात्र र छात्रा र नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीको निवेदन लेखन क्षमतामा खासै अन्तर नरहेको निष्कर्ष निकालिएको छ । अध्ययन निवेदन लेखन क्षमतामा मात्रै केन्द्रित छ ।

शाही (२०६७) द्वारा *चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन* गरिएको पाइन्छ । उक्त अध्ययनमा क्षेत्रीय विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यस अनुसन्धान ५ अध्यायमा विभाजित छ । कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताको आधारमा तुलनात्मक स्थित पहिल्याउनु चिठी तथा निवेदन लेखनसम्बन्धी के कस्ता कमी कमजोरीहरू छन् पहिचान गर्नु र सुधारात्मक सुझावहरू दिनु जस्ता उद्देश्यहरू रहेका छन् । निष्कर्षका रूपमा छात्र र छात्रा विद्यार्थीको चिठी लेखन क्षमता सन्तोषजनक रहेको एवम् संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयको चिठी लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययनमा विद्यालयका सबै विद्यार्थीहरूको क्षमता सुधार्नका लागि शिक्षण प्रक्रियालाई नै सुधारात्मक तरिकाले लैजानु पर्ने कुराहरू प्रस्तुत गरिएको छ ।

श्रेष्ठ (२०६७) द्वारा *सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधपत्रमा कक्षा नौको हाम्रो नेपाली किताबमा प्रयोग भएका शब्दहरूको आधारमा विद्यार्थीहरूको समग्र शब्दभण्डार क्षमता पहिल्याउने, विद्यालयको प्रकृतिको आधारमा लिङ्ग र भाषिक पृष्ठभूमिका आधारमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्ने उद्देश्यमा केन्द्रित छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएका उक्त शोधपत्रमा शब्दभण्डार क्षमता सन्तोषजनक नरहेको सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता तुलना गर्दा सामुदायिक विद्यालयका

विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको छात्राहरूको शब्दभण्डार क्षमता अगाडि रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

विष्ट (२०६८) द्वारा *कक्षा छमा अध्ययनरत विद्यार्थीको चिठीलेखन क्षमताको अध्ययन* गरिएको पाइन्छ । नमुना सर्वेक्षण विधिको प्रयोग गरी अगाडि बढाइएको उक्त शोधकार्य बझाङ जिल्लाका कक्षा छमा अध्ययनरत ३ सामुदायिक र ३ संस्थागत विद्यालय जम्मा ६० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा चयन गरिएको छ । तथ्याङ्कको वस्तुगत अध्ययनका लागि समूहगत अध्ययन मानक विचलन र प्रतिशताङ्क श्रेणी निर्धारण गरी चिठीलेखन क्षमता पहिचान गरिएको छ । साथै सिर्जनात्मक अभिव्यक्ति क्षमताको विकास गर्दै लेखाइ सिपमा सक्षम बनाउन चिठीलेखन सिपमा सक्षम बनाउन चिठीलेखन शिक्षणलाई व्यवस्थित गरिनु पर्ने सुझाव प्रस्तुत गरिएको छ ।

आचार्य (२०६९) द्वारा *म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन* गरिएको पाइन्छ । उक्त अध्ययनमा विद्यार्थीहरूमा निवेदन कसरी लेख्छन्, निवेदन लेख्ने क्षमता तथा सिपको पहिचान गर्नुका साथै कक्षा आठका सम्पूर्ण विद्यार्थीहरूको लेखन सिपको समस्या तथा कमीकमजोरी पत्ता लगाई उक्त समस्याको निराकरण गर्ने धारणा राखिएको छ । उक्त शोधकार्यमा विविध अध्ययन विधिको प्रयोग गरी समस्याको पहिचान गरिएको छ । प्रस्तुत यस अध्ययनमा म्याग्दी जिल्लाका दश वटा विद्यालयका कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरू जम्मा १०० जना विद्यार्थीहरू नमुनाको रूपमा रहेको छ । निष्कर्षमा निवेदन क्षमताको अध्ययन गर्दा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको निबन्ध लेखन क्षमता कमजोर रहेको छ ।

धामि (२०७०) द्वारा *दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको उच्चचारण क्षमताको अध्ययन* शीर्षमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको मुख्य उद्देश्य दार्चुलेली भाषी विद्यार्थीहरूको उच्चारण क्षमता पहिल्याई तथा उच्चारणमा देखिने कठिनाइका कारणहरू पत्ता लगाई निराकरणका लागि सल्लाह सुझावहरू दिनु रहेको छ । उक्त शोधकार्यमा क्षेत्रीय विधिलाई अवलम्बन गरिएको छ । उक्त शोधकार्यमा विभिन्न

खालका कठिन शब्दहरूको परीक्षणको क्रममा प्रयोग गरिएको यस शोधकार्यको अध्ययनबाट के देखिन्छ भने दार्चुलेली भाषाको प्रभाव विद्यार्थीहरूमा बढी रहेकाले उच्चारण अभ्यासमा एकदमै ध्यान दिनुपर्ने स्थिति देखिन्छ । उच्चारणमा अशुद्धता देखिनुको कारणहरूमा भौगोलिक विकटता र मातृभाषा नै मुख्य रूपमा रहेको र नेपाली भाषामा नभएका शब्दहरूले पनि उक्त भाषालाई शब्दभण्डारमा पनि सहयोग गरेको छ ।

धिताल (२०७१) द्वारा *बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* गरिएको पाइन्छ । शब्द वाक्य तथा अर्थमा भएका त्रुटिहरूको पहिचान गर्ने र सुधारको उपायहरूको अवलम्बन गरिएको छ । छात्रा र छात्रबिच र संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीबिच तुलनात्मक रूपमा अध्ययन गर्ने उद्देश्य उक्त शोधकार्यको रहेको छ । बर्दिया जिल्लाका दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूबिच उक्त अध्ययन कार्य सञ्चालन गरिएको पाइन्छ । उक्त शोधको प्राप्तिका रूपमा छात्रभन्दा छात्रा र संस्थागतभन्दा सामुदायिक विद्यालयका विद्यार्थी कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

यादव (२०७१) द्वारा *सिरहा जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन* शीर्षकमा गरिएको शोधपत्रमा सिरहा जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन गर्नु, लिङ्गको आधारमा विद्यालयको स्वरूपको आधारमा र भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार क्षमताको अध्ययन गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । सर्वेक्षण विधिमा आधारित यस शोधपत्रमा सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्ने कक्षा चारका विद्यार्थीहरूको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको छात्र र छात्राहरूको शब्दभण्डार क्षमता समान रूपमा रहेको तथा नेपाली भाषाका रूपमा बोल्ने विद्यार्थीभन्दा नेपाली पहिलो भाषाका रूपमा बोल्ने विद्यार्थीहरूको शब्दभण्डार क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

डोटेल (२०७२) द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन* नामक शीर्षकमा शोधकार्य भएको छ । उक्त शोधपत्र

स्याङ्जा जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक रूपमा अध्ययन गरिएको छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पत्ता लगाउनु तथा उक्त शोधकार्यको उद्देश्य रहेको छ । उद्देश्य प्राप्तिका लागि स्याङ्जा जिल्लाका सामुदायिक र संस्थात ५/५ गरी दश विद्यालयका १०/१० जनाका दरले १०० जना विद्यार्थीहरू छनोट गरिएको छ । क्षेत्रीय अध्ययन विधिको उपभोग गरिएको प्रस्तुत शोधपत्रको निष्कर्ष कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरूको ६५ प्रतिशतभन्दा माथि निबन्ध लेखन गराउन सफल १० प्रतिशत देखिनु, सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक रहनु र छात्रहरूको तुलनामा छात्राहरूको निबन्ध लेखन क्षमता प्रतिशतभन्दा माथि १० प्रतिशत देखिनुले राम्रो रहेको छ ।

यसरी पूर्वकार्यको समीक्षा गर्दा चित्रवर्णनसम्बन्धी विश्लेषणका साथै लिखित अभिव्यक्ति क्षमताको अनुसन्धानहरू भेटिन्छन् तर विभिन्न ठाउँ परिवेश र स्तरअनुसारको भाषाको प्रयोग क्षमतामा पनि विविधता पाउन सकिन्छ । यस सन्दर्भमा ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा चित्रवर्णन गर्ने क्षमताको विश्लेषण तथा वर्णन गरिएको पाइँदैन । उल्लेखित अध्ययनहरू यस अध्ययनको लागि आंशिक आधार मात्रा भएको र ती अध्ययनहरू विद्यार्थीको भाषिक तथा चित्रवर्णन क्षमताको अध्ययनभन्दा पनि जातिगत पृष्ठभूमि र परिचय बताउन केन्द्रित भएको हुँदा यस अध्ययनलाई विद्यार्थीको चित्रवर्णन गर्ने क्षमतालाई विभिन्न आधारबाट अध्ययन गरी अन्य अध्ययनभन्दा नवीन बनाइएको छ ।

## २.२ पूर्वकार्यको समीक्षाको महत्त्व

पूर्वकार्यको पुनरावलोकनको अध्ययन गर्नेले शोधकार्यमा विशेष सहयोग पुऱ्याउने हुनाले यसको आवश्यक तथा महत्त्व देखिछ । शोधपत्र तयार गर्ने क्रममा त्यस विषयसँग सम्बन्धित तथा उक्त विषयवस्तुसँग मिल्दा जुल्दा कार्यमा के-कसरी शोधपत्र तयार पारेका छन्, के-के कुरा विषयको अध्ययन भइसकेको छ र के-कस्ता विधि र सामग्रीको

प्रयोग गरी शोधपत्रको निर्माण गरेको छ, कस्ता गल्ती तथा कमीकमजोरी देखिएका छन् र वितगमा के कार्य भइसकेको छ अब बाँकी अध्ययन गर्न के रहेको भनी त्यसको आधारबाट शोधपत्रको सुरुवात गर्ने तथा विविध स्थानतमा भएका शैक्षिक गतिविधिसम्बन्धी जानकारी पत्ता लगाउन सहयोग पुऱ्याउने हुँदा पूर्वकार्यको पुनरावलोकनले महत्त्वपूर्ण स्थान ओगटेको छ । समग्रमा अनुसन्धानमा पूर्वकार्यको पुनरावलोकनको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- पूर्वकार्यको अध्ययनले उपयुक्त विषयवस्तुको छनोट गर्न सकिन्छ ।
- उद्देश्यहरू निर्धारण गर्न सहयोग पुऱ्याउँछ ।
- भविष्यमा गर्न सकिने कार्यहरूको पूर्व समीक्षा गर्न ।
- विभिन्न नियम धारणा तथा सिद्धान्तको निर्माण गर्न ।

## २.३ अवधारणात्मक ढाँचा

यस परिच्छेदमा चित्रवर्णनका सैद्धान्तिक अवधारणा शीर्षकअन्तर्गत चित्रको परिचय, चित्रको परिभाषा तथा अर्थ प्रकार, मौखिक र लिखित भाषा चित्रवर्णनको आवश्यकता महत्त्व, चित्रवर्णनका कार्यलापहरू र भाषा पाठ्यपुस्तकको सम्बन्धको चर्चा जस्ता विभिन्न उपशीर्षहरूमा आधारित भई गरिएको छ :

### २.३.१ चित्रको परिचय

कुनै पनि वस्तु प्रतिमूर्ति, नक्सा, पत्रपत्रिका, विज्ञापन, क्यालेन्डर, टिकट आदि प्रत्यक्ष देखिने चित्र तस्वीरलाई चित्र वा वस्तु भनिन्छ । चित्र विभिन्न प्रकारको हुन्छ । चित्रको उपयोग गर्दा सहज रूपमा कुनै गतिविधिहरूको बारेमा थाहा पाउन सकिन्छ । चित्र त्यो प्रक्रिया हो । जसले हजार शब्दले वर्णन गर्न नसक्ने कुरालाई एउटा चित्रको प्रयोग गरी सरल र सहज तरिकाले बुझ्न सकिन्छ । हरेक विषयवस्तु तथा पाठ्यपुस्तकमा चित्रको विशेष महत्त्व रहेको छ । चित्रले भाषा तथा विषयवस्तु शिक्षण गर्न सहयोग पुऱ्याउँदछ । कृत्तिम वस्तुलाई प्रयोग गर्नु पर्दछ । भाषा पाठ्यपुस्तकमा चित्रहरूको प्रयोगले भाषिक अभ्यास गराउन, सिकाइ उत्प्रेरणा वृद्धि गर्न ज्ञान सिप धारणाको विकास

गर्न, सुनाइ, बोलाइ पढाइ र लेखाइजस्ता चारै सिपको विकासका साथै पढ्ने बानीको विकास हुन्छ । त्यसैले चित्रवर्णन तथा चित्र प्रतिमूर्तीहरूको महत्त्व रहेको छ । शर्मा र पौडेलकाअनुसार हजारौ शब्दमा बयान गरेर अर्थ र धारणामा प्रष्ट पार्न नसकिने कुराहरूलाई एउटै चित्रले स्पष्ट किसिमले धारणा बसाल्न सकिन्छ ।

अधिकारी र भट्टराई (२०७०) काअनुसार चित्र भन्नाले पृथ्वी वा ग्रहमा पाइने जुनसुकै पदार्थ, भौतिक अस्तित्व वा अलग पहिचान भएको कुनै चित्र, धन सम्पत्ति, भाँडा कुडाँ, लुगा कपडा र अन्य आदि पशुधन वस्तु भाव, मुख्य कुरो, सार, मूलतत्त्व तथा सारतत्त्व कुनै रचना कृति निर्माण गर्न चित्र आदिको मुख्य विषय, निर्मित, आकृति, आकार, प्रकार वा रेखाचित्र आदि अर्थले चित्रलाई चिनिन्छ भनेका छन् भने वर्णन भन्नाले कुनै वस्तु चित्रको बारेमा विस्तार सहित कथन, बयान आदि अर्थले पनि चिन्न सकिन्छ । समग्रमा चित्रवर्णन भन्नाले कुनै पनि कुराको बेसी विस्तार गर्नुलाई वर्णन भनिन्छ ।

चित्रवर्णन एक प्रकारको कुरागराई हो । कुनै चित्र वा वस्तु प्रति मनमा उठेका कुराहरूलाई लिखित रूपमा व्यक्त गरिएको रूप वर्णन हो । चिन्तक वा लेखकका सोचाइ, विचार, अमृदा, प्रतिभा, खुबिको नाप खोज चित्रवर्णनबाट हुन्छ । यसले लेखक र विषयका बिच सम्बन्ध जोड्ने सांधुका रूपमा काम गरेको हुन्छ । मनमा उन्मूक्त विचारहरू आफ्ना अनुभवले संगार वा तटस्थ रही विषयको नाली बेली दिएर कुरा लिपिबद्ध गर्दा चित्रवर्णनका रूपमा बज्छ । यति मात्र होइन उन्मुक्त विचार भित्र पनि परस्पर शृङ्खलित बन्धन क्रमिक विचार यात्रासित पनि छरिएको अनुभूति र गद्यात्मक प्रस्तुति चित्रवर्णनका आफ्ना गुण हो ।

चित्रवर्णन लिखित र मौखिक दुवै प्रकारको हुन्छ । लिखित वस्तु वर्णनमा विद्यार्थी वा सिकारुलाई विभिन्न प्राकृतिक वस्तु स्वनिर्मत वा भिन्न स्रोतबाट सङ्कलन गरिएका उद्देश्यपरक वस्तु प्रतिमूर्ति चित्र, तस्विर आदि दिएर विद्यार्थीहरूलाई त्यसको बारेमा लेख्न लगाइन्छ । विद्यार्थीले आफूले त्यो वस्तुमा देखेको सुनेका कुरालाई स्वतन्त्र ढङ्गले लेख्न सक्दछन् । कक्षामा खास चित्र वा वस्तुको लिखित वर्णन गर्न शिक्षार्थीहरूलाई लगाउन सकिन्छ अथवा प्रत्येक शिक्षार्थीहरू एक एक वटा भिन्न चित्र वस्तु दिई वा तिनको

लिखित वर्णन गर्न लगाउन पनि सकिन्छ । लेखाइको अभ्यासका लागि उपयोग गरिने चित्रहरू शिक्षार्थीका अनुभवको सेरोफेरोसँग सम्बन्धित हुन आवश्यक छ र खास घटना वा दृश्य झल्काउन सक्ने खालका चित्रहरू भएका अझ वेस हुन्छ (अधिकारी, २०६९: १३०) । शिक्षार्थीहरूलाई उनीहरूकै गाउँ घर वा सेरोफेरोमा सम्बन्धित विशेष महत्त्वका वस्तुका चित्र कक्षामा देखाइ तिनको महत्त्व र कार्यबारे भन्ने प्रोत्साहित गर्न सकिन्छ । यसरी विद्यार्थीहरूको अभिव्यक्तिका साथै लेखन सिपको विकास हुन्छ । विभिन्न दृश्य, वस्तु, घटना वा क्रिया आदि दर्शाउनका निर्मित तथा विभिन्न पत्र पत्रिका वा अन्य स्रोतबाट सङ्कलित वस्तुहरू ल्याएर कक्षामा शिक्षार्थीहरूलाई पालैपालो गरी वर्णन गर्न लगाउनाले मौखिक अभिव्यक्तिको विकासमा सहयोग हुन सक्छ । मौखिक आत्मा विश्वास जगाउन र अभिव्यक्ति तिखार्न समेत यस्ता कार्यकलाप निकै सरल, रुचिपूर्ण र उपयुक्त हुने देखिन्छ ।

मानवताको नाता अनभूतिको तर समान धर्ती देखिए पनि अध्ययन र साधनको घटबढले अभिव्यक्तिलाई पनि प्रभाव पारेको हुन्छ किनभने चित्रवर्णन पनि एक कला हो, अध्ययन र अभ्यासले अभिव्यक्तिमा परिपक्कता आउँछ । अभिव्यक्तिको सिपमा जति परिपक्कता आयो लिखित वस्तु वा चित्रवर्णन पनि त्यतिकै प्रौढ बन्न पुग्छ । हुन पनि जलाशयमा जत्रो भाँडो लिएर गयो त्यति मात्र पानी उभाइन्छ । भाषिक सिप र प्रस्तुति सामर्थ्यले लिखित वस्तु वा चित्रवर्णनमा पनि त्यस्तै काम गरेको छ । अनुभूति जतिसुकै हुन् तर तीब्र किन नहोस् प्रतिभा र अभ्यासको अभावमा तयसको मूर्त रूप लिन उकालो पर्छ । त्यसैले अध्ययन र निरन्तरता साधना चित्रवर्णनका आरम्भिक चरण हुन् (शर्मा, २०५४) । चित्रवर्णनको भूमिका धेरै भए पनि खास विषयवस्तु नभई यसलाई अगाडि बढाउन सकिँदैन ।

कुनै वस्तु (मूर्ति, प्रतिमूर्ती, वास्तविक), चित्र तस्बिर फोटो आदि हेरी लिखित रूपमा बयान वा वर्णन गर्न लगाउनुलाई चित्रवर्णन भनिन्छ । यो कार्यकलाप मौखिक अभिव्यक्ति तिर्खान मौखिक रूपमा पनि सञ्चालन गर्न सकिन्छ । यो एक किसिमको अभ्यासिक किसिमको कार्यकलाप हो । त्यसो भए पनि प्रत्ययको बयान गर्ने ढाँचा र

तरिका फरक फरक हुन सक्ने हुँदा मौखिक अभिव्यक्ति विकासमा पनि यसको महत्त्वपूर्ण टेवा पुऱ्याएको हुन्छ । स-साना कक्षाका लागि आवश्यक र प्रेरक मानिने यस कार्यकलापलाई माध्यमिक तहसम्म पनि केही हदसम्म विस्तार गर्न सकिन्छ, तर विशिष्ट खोल वस्तु वा चित्र अमूर्त र भावनात्मक दृश्य चित्रहरूका रूपमा क्रमशः स्तरीकृत हुँदै जानु आवश्यक छ । कुनै पनि वस्तुहरू नियालेर हेर्न र त्यसको कलात्मक, वस्तुगत एवम् भावात्मक पक्षहरूको व्याख्या वर्णन र वितरण दिने खुबी वा क्षमता विकास यो कार्यकलाप निकै प्रभावकारी मानिन्छ । यसका साथै मौलिक सौन्दर्यपरक तार्किक एवम् विवरण प्रस्तुति सहितको सरल रोचक र लेखन क्षमता विकास गर्न समेत यो कार्यकलाप कुनै महत्त्वपूर्ण मानिन्छ (पौडेल, २०७० : ९४) । कक्षाका लागि प्रदर्शन गर्न मिल्ने कुनै प्राकृतिक वस्तु स्वनिर्मित वा विभिन्न स्रोतबाट सङ्कलन गरिएको उद्देश्यपरक वस्तु, प्रतिभूति, रूपाकृत, चित्र तस्विर, दृश्यचित्र, प्रक्रिया परक, वस्तु, भाव, शैली, चित्र आदि प्रदर्शन गरी वर्णन गर्न लगाउने कार्यकलाप पनि लिखित अभिव्यक्ति कला विकास महत्त्वपूर्ण मानिन्छ । चित्रवर्णनका लागि विद्यार्थीको अनुभव, स्तर तथा क्षमताअनुसारको विषयवस्तु दिनु पर्दछ । यस्ता सामग्री सङ्कलन विद्यार्थी र शिक्षकद्वारा निर्माण गरिएको हुनु पर्दछ । सबैले देख्ने गरी चित्र राख्ने र सबै पक्षको समग्र वर्णन गर्न लगाउनु पर्दछ ।

### २.३.२ चित्रको परिभाषा

नेपाल बृहत् शब्दकोषले (२०४०) ले चित्रको अर्थ प्रस्तुत गरेको छ । जसलाई तस्विर, छापा, फोटो र चित्रपट प्रतिमा आदि मानिएको छ ।

प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ले लेखेर कोरेर वा खिचेर बनाइएको कुनै वस्तुको रूप, आकृति, तस्विर, फोटालाई चित्र भन्ने अर्थ्याएको छ ।

यस्तै रेन्डमा हाउसको डिक्सनरी अफ द इङ्लिस तथा ल्याङ्ग्वेज (१९६५) मा चित्रको अर्थ दिने काम भएको छ । यसले चित्रको अर्थलाई तस्विर प्रमाणित गर्नु र उदाहरण दिनुका रूपमा लिएको छ । यसैगरी अक्सफोर्ड एडभान्स लर्नर डिक्सनरी (१९९२) मा चाहिँ तस्विर निर्माण रङ्गीन तस्विर उदाहरण र चित्रको संयोजन गर्नु हो भनिएको छ ।

यस्तै अजान्त कम्प्रोहेन्सिस डिक्सनरी (१९९५) मा चित्र उदाहरण, चित्र तथा स्पष्टीकरणका रूपमा चित्रलाई परिभाषित गरिएको छ ।

### २.३.३ चित्रवर्णनमा लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

आफ्नो अनुभव एवम् विचारलाई लिविबद्ध गर्नु लेखाइ हो । त्यसैले लेखाइलाई अभिव्यक्तिको विशिष्ट सिप मान्नु पर्ने हुन्छ । सामान्य आफ्ना अनुभव एवम् विचारलाई व्यक्त गर्न बोलाइ भए पनि काम चल्छ तर त्यसलाई अझ विस्तृत बनाउन र आफ्ना अभिव्यक्तिलाई पछिसम्म उपयोग हुन सक्ने बनाउन लेखाइको आवश्यता पर्दछ । चित्रवर्णनलाई उच्च र स्तरीय बनाउनका लागि साथै लेखाइ सिपको विकास हुने भएकाले चित्रवर्णनमा लेखाइ शिक्षण गर्नु उचित देखिन्छ ।

लेखाइलाई बोलाइको वैकल्पिक रूपमा हुँदाहुँदै पनि यो छुट्टै किसिमको भाषिक अभिव्यक्ति पनि हो । व्यक्तिले आफ्ना कुरा विचार, भावशैली र अनुभवहरूलाई कुनै दुरदेशमा रहेका आफन्तहरू समक्ष पुऱ्याउन र लेखाइका केही संरचनाहरू पछिसम्म वञ्चित गर्न, लेखेर गर्नुपर्ने कतिपय व्यावहारिक कार्य सम्पन्न गर्न र सृजनात्मक प्रतिभाको विकास गर्न लेखाइ सिपको विशेष खाँचो पर्छ ।

शिक्षण सिकाइका दृष्टिले पनि लेखाइ निकै महत्त्व देखिन्छ । भाषा सिकाइलाई सरल, सवल, स्तरीय बनाउनका लागि गराइने, प्रश्नोत्तर, टिपोट, व्याख्या, विश्लेषण तयारी आदि विधिहरूमा धेरै जसो लेखाइको उपयोग हुन्छ । पढेका कुरा, वर्णन गरेको कुरा पछिसम्म सामना गर्नका लागि, आफूले सिकेको कुरा पुनः व्यक्त गर्नका लागि श्याम पाटीमा लेखिएका कुरा सार्नका लागि लेखाइकै आवश्यकता र महत्त्व रहेको हुन्छ । त्यस बाहेक पढेका कुराको सारांश लेख्न, वर्णन गर्न तथा छलफल गर्न पनि लेखाई आवश्यक हुन्छ । त्यसैगरी गृहकार्य गर्न परीक्षाको तयारी गर्न र परीक्षा दिन पनि लेखाइको आवश्यकता हुन्छ (अधिकारी र शर्मा, २०७१ : ९१) । प्रारम्भमा लेखाई शिक्षण लिपिबद्ध भाषासँग परिचित गराउनमा केन्द्रित हुन्छ । यस स्थितिमा बालकहरूलाई लेख्य भाषा प्रयुक्त लिपि चिन्ह र तिनको उच्चार्य स्वरूपसँग परिचित गर्नका साथै ती चिह्नहरूले लेख्ने अभ्यास गराउनु पर्ने हुन्छ ।

### ३.३.४ मौखिक र लिखित भाषा

भाषा मानवीय वस्तु हो । त्यसैले यो मानव मात्रसँग सम्बन्धित हुन्छ । मान्छेले समाजबाट भाषा प्राप्त गर्दछ । उसले समाजबाट भाषाको आर्जन गर्न सक्छ र आफ्नो सामाजिक सम्पर्क बढाउन यसको उपयोग गर्छ । भाषाबाट विचारको आदनप्रदान गरिन्छ । भाषा पनि मौखिक र लिखित गरी दुई माध्यम हुन्छन् :

**क) मौखिक भाषा**

उच्चारण र श्रव्य भाषालाई मौखिक भाषा भनिन्छ । मौखिक भाषा वक्ता र श्रोताको बिचमा प्रयोग गरिन्छ । यो भाषा व्याख्यात्मक रूपमा हुनाले विचार आदान प्रदानमा बढी उपयोगी मानिन्छ । अरूसँगै विचार आदान प्रदान गर्दा छिटो छरितो र सरल माध्यम भाषा हो । भाषा भन्नाले मूलतः मौखिक हुन्छ अथाव भाषाको मूलरूप नै मौखिक भाषा हो, संसारमा जेजति भाषाहरू प्रचलित छन् तिनको आधारभूत पक्ष मौखिक भाषा हो । मौखिक भाषाको विस्तर पछि मात्र लिखित भाषाको प्रयोग गरिन्छ । मौखिक भाषा जुनसुकै वर्ग तथा मानिसहरूले सजिलैसँग प्रयोग गर्न सक्दछन् ।

**ख) लिखित भाषा**

केही भाषाहरू लेख्य परम्परा पनि विकसित भएको छ । लेख्य भाषा श्रव्यात्मक, दृश्यात्मक हुन्छ । त्यसैले यस वक्ता र स्रोताको आवश्यकता हुँदैन । यसबाट मानव विचार र भावनाहरूलाई सङ्ग्रह गरेर कलान्तरसम्म राख्न सकिन्छ । लिखित भाषा मौखिक भाषाभन्दा अप्ठ्यारो हुन्छ, किनभने यस भाषामा विभिन्न लेख्य चिह्नहरूको ख्याल गर्नुको साथै वर्णविन्यासमा पनि विशेष ख्याल गर्नुपर्ने हुन्छ र शैक्षिक तथा सामाजिक कार्यहरूमा शिक्षित व्यक्तिहरूले मात्र प्रयोग गर्न सक्ने भएकाले लिखित भाषा धेरै उपयोगी मानिएको छ ।

### २.३.५ चित्रवर्णन शिक्षणका कार्यकलाप

चित्रवर्णन शिक्षण गर्दा विद्यार्थीहरूको स्वर क्षमताअनुसारको चित्र तथा वस्तुहरू देखाएर प्रभावकारी रूपमा कक्षा शिक्षण गर्नु पर्दछ । यसका अलवा सुरुमा नै

विद्यार्थीहरूलाई विभिन्न मौखिक प्रश्नोत्तरका माध्यमले उनीहरूले देखेका रमाइला-रमाइला मेला, जात्रा, चाडपर्व, सांस्कृतिक नाचगान, विद्यालय आउँदा बाटामा देखेका भोगेका तथा थाहा पाएका आदि विविध घटना, अनुभव तथा अन्य सान्दर्भिक चित्रहरूलाई दिएर वर्णन गर्न लगाउन पनि सकिन्छ । लेखाइ सिपबाट नै शब्दभण्डार वृद्धि गर्न विभिन्न ग्रन्थबाट विचार लिएर बौद्धिकताको विकास गर्न लेखाइ सिपको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । प्राथमिक तहबाट नै विभिन्न किसिमका चित्रवर्णन, अनुलेखन आदि जस्ता विविध लेखनसँग सम्बन्धित क्रियाकलाप गराएर विद्यार्थीहरूमा चित्रवर्णन क्षमता बढाउने प्रयास गरिन्छ ।

त्यस्तै शिक्षकले स्वनिर्मित वा सङ्कलित विभिन्न चित्र दृश्यचित्र, रेखाचित्र, तस्विर, फोटो आदि देखाएर तिनलाई वर्णन गर्न लगाउने, चित्रामा देखिएका सम्भावित कुराहरू पत्ता लगाउने, चित्रलाई वर्णन गर्ने विधिहरू सिकाउने, व्यक्तिगत वा सामूहिक रूपमा चित्रको बारेमा वर्णन गर्न लगाउनु तथा नआएको खण्डमा शिक्षकले स्पष्ट गरिनुपर्दछ । यसरी चित्रहरूको वर्णन गर्ने क्रममा आवश्यक टिप्पणी गरी दिने राम्रो वर्णनलाई स्यावासी दिई पुरस्कृत गर्ने, उत्कृष्ट वर्णनलाई कक्षामा बाचन गरेर सुनाउने र अन्य विद्यार्थीहरूलाई हौसला तथा प्रोत्साहित गर्नुपर्दछ ।

## अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

### ३.१ अध्ययन विधि

कुनै पनि कार्य पूर्वयोजना अनुरूप गर्दा सो कार्य व्यवस्थित हुनुका साथै विश्वासनियता हुन्छ । त्यसैले प्रस्तुत अध्ययन गर्दा सुरुदेखि अन्तसम्म कुन कुन विधि प्रयोग गर्ने भन्ने कुरा उल्लेख गर्नु आवश्यक छ । अनुसन्धान औपचारिक र व्यवस्थित कार्य भएकाले यसमा अनुसन्धान विषयसँग सम्बन्धित खास विधि तथा पद्धतिको प्रयोग गर्नु पर्ने हुन्छ । अनुसन्धान कार्यलाई सहज रूपमा अगाडि बढाउन  अनुसन्धान विधिको महत्त्वपूर्ण भूमिका हुन्छ । यसले गर्दा कुनै पनि विषयवस्तुको अध्ययन अनुसन्धान गर्दा सुरुदेखि अन्त्यसम्म अपनाइने विधिहरूलाई पूर्व योजना अनुरूप व्यवस्थित गरेपछि मात्र अनुसन्धान कार्य गर्नु पर्दछ । जसले गर्दा अध्ययनको क्रममा कुनै बाधा, अडचनहरू आउँदैनन् । त्यसैले प्रस्तुत अध्ययनका लागि अपनाइएका विधिहरूलाई यस अध्ययनमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययन ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताका पहिचान गर्ने ध्येय रहेको कुरा यसको उद्देश्य खण्डबाटै प्रष्ट भएको छ । त्यसैले यस अध्ययनको लागि विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा सहभागी गराएर निष्कर्ष निकाल्ने प्रयास भएको छ । ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन शीर्षक सोभ्कै विद्यार्थीहरूसँग सम्बन्धित भएकाले विद्यार्थीहरूलाई नै खास केन्द्रबिन्दु बनाई नमुना प्रश्नोत्तर विधिबाट अध्ययनलाई अगाडि बढाइएको छ । प्रस्तुत अध्ययन वस्तुगत र जीवन्त बनाउने क्रममा जनसङ्ख्या छनोट, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन प्रक्रिया, व्याख्या विश्लेषण र अङ्कन प्रक्रिया जस्ता सर्वेक्षणात्मक विधिहरूको प्रयोग गर्दै प्रस्तुत अध्ययनको प्रारूप तयार पारिएको छ । प्रस्तुत अध्ययनमा अवलम्बन गरिएका प्रक्रियाहरूलाई विस्तृत रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

## ३.२ जनसङ्ख्या पहिचान

यस अध्ययनमा ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ। ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ।

## ३.३ नमुना छनोट

प्रस्तावित शोध कार्य सम्पन्न गर्नका लागि ललितपुर जिल्लामा रहेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयमध्येबाट छात्रा ५० र छात्र ५० गरी यस विद्यालयबाट नमुनाको रूपमा छनोट गरिएको छ । नमुना छनोटको रूपमा दश वटा विद्यालयमध्ये पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा १० वटा विद्यालयबाट संस्थागत र सामुदायिक गरी पाँच छात्र र पाँच छात्रा गरी जम्मा १०/१० जनाको दरले प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ।

## ३.४ सामग्री सङ्कलन

कुनै पनि अध्ययन कार्य सम्पन्न गर्नका लागि सर्वप्रथम सामग्री जुटाउनु पर्दछ। सामग्री प्राथमिक र द्वितीयक गरी दुई प्रकारका हुन्छन् । यी अध्ययन विद्यार्थीहरूको चित्रवर्णन क्षमतासँग सम्बन्धित भएकाले विशेष गरी प्राथमिक स्रोतलाई आधार मानी सामग्री निर्माण गरी प्राथमिक उपयोगमा ल्याएको छ । सामग्री निर्माणका क्रममा छनोटमा परेका पाँच सामुदायिक र पाँच संस्थागत गरी दश वटा विद्यालयलाई चित्रवर्णन गर्न परीक्षण गरिएको छ। यस क्रममा अवलम्बन गरिएका विधि प्रक्रिया तथा स्रोतहरूको रूपरेखालाई यसप्रकार उल्लेख गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

यस अध्यायमा प्रश्न निर्माण गरी छनोटमा परेका सय जना विद्यार्थीहरूलाई परीक्षा लिएर उनीहरूद्वारा लेखिएका उत्तरहरूलाई प्राथमिक स्रोतका उपयोग गरिएको छ।

### ३.४.२ द्वितीयक स्रोत

अनुसन्धेय विषय शीर्षकको अध्ययनका लागि द्वितीयक स्रोतलाई पनि अवलम्बन गरिएको छ । यस क्रममा चित्रवर्णनसँग सम्बन्धित पाठ्यपुस्तक शोधपत्र, पत्रपत्रिका, लेखरचना, प्रश्नहरू, इमेल, इन्टरनेट र विषय विशेषज्ञका राय सुझाव आदिलाई द्वितीयक स्रोत सामग्रीको रूपमा उपयोग गरिएको छ ।

## ३.५ पूर्वपरीक्षण

कुनै पनि अध्ययनको उद्देश्य पूरा गर्नका लागि तयार पारिएका प्रश्नहरू कठिनाई स्तरका छन् कि छैनन् भनेर एउटा विद्यालयको कक्षा चारमा अध्ययनरत दश जना छात्र र दश जना छात्रालाई निश्चित समयका आधारमा पूर्वपरीक्षण गरिएको छ । पूर्व परीक्षणपछि उनीहरूको प्राप्ताङ्कलाई उत्तरकुञ्जिकाका आधारमा प्रश्नपत्रको विश्लेषण गरिएको उक्त विश्लेषणबाट देखिएका कठिन एवम् सरल प्रश्नहरूको सन्तुलन मिलाई सम्पादन तथा परीमार्जन गरी अन्तिम रूप दिइएको छ ।

## ३.६ सामग्री मानकीकरण

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि तयार पारिएका प्रश्नहरू पूर्व परीक्षणबाट नतिजाको विश्लेषण गरी स्तरीय र प्रभावकारी भएको छ छैन भनेर शोध निर्देशक, विषय, विषय विशेषज्ञ, सम्बन्धित विद्यालयका प्रधानाध्यापक र विषय शिक्षकलाई देखाई प्रश्नहरू निर्माण गरिएको छ ।

## ३.७ सामग्री कार्यान्वयन

प्रस्तुत शोधकार्यका लागि सामग्रीलाई अन्तिम रूप प्रदान गरिसकेपश्चात् उक्त सामग्रीलाई नमुना छनोटमा परेका दश वटा विद्यालयका पचास जना छात्र र पचास जना छात्रा विद्यार्थीहरूमाथि परीक्षण गरिएको छ । त्यसपछि विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा आफ्नो चित्रवर्णन क्षमताको प्रस्तुतीका लागि शान्त वातावरणको व्याख्या उपलब्ध गराएको छ । परीक्षा सञ्चालन गर्नुपूर्व नै परीक्षा सञ्चालनको क्रममा उनीहरूले पालन गर्नुपर्ने नियमहरूका बारेमा जानकारी गराइएको छ । त्यसपछि परीक्षाको निश्चित

समयावधि तोकिएको छ । परीक्षार्थीहरूलाई सहज र सुलभ होस् भन्ने उद्देश्यले प्रश्नपत्रमा उत्तर लेखन व्यवस्था मिलाई निर्धारित समयपछि उत्तरपुस्तिका सङ्कलन गरिएको छ ।

## ३.८ तथ्याङ्क सङ्कलन र विश्लेषण

परीक्षा सम्पन्न भएपश्चात् विद्यार्थीहरूले दिएका उत्तरपुस्तिकाको परीक्षण गरी त्यसबाट प्राप्त अङ्कलाई नै यस अध्ययनका तथ्य मानिएको छ । उत्तरपुस्तिकामा चित्रवर्णन गर्ने क्षमताको आधारमा विश्लेषण गरिएको छ । जसमा दिइएका चित्रहरूको वर्णन प्रश्नको सही उत्तरका लागि १० अङ्क सङ्गठन र शैली ५ शुद्धता ५ गरी २० अङ्क त्यसैगरी सबै पाँचवटा प्रश्नको चित्रवर्णन गर्दा २० अङ्कका दरले जम्मा १०० पूर्णाङ्कको उत्तरपुस्तिकाको परीक्षण गरिएको छ । तथ्य सङ्कलन गरिसकेपछि उत्तरकुञ्जिकाका आधारमा प्राप्ताङ्कलाई समग्रता बोध क्षमता, लिखित अभिव्यक्ति क्षमता जस्ता समूहहरूमा वर्गीकरण र तालिकीकरण गरी छुट्टाछुट्टै रूपमा राखिएको छ । प्रस्तुत शोधकार्यलाई विश्वसनीय र भरपर्दो बनाउनको लागि र विद्यार्थीहरूका चित्रवर्णन गर्न क्षमतामा देखिएको अन्तर पत्ता लगाउन प्रतिशत, मध्यमान र मानक विचलन निकालेर आधारमा वृत्तचित्र बनाई तुलनात्मक रूपमा विश्लेषण समेत गरिएको छ । सुरुमा समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको नतिजा निकालिएको छ । ती विद्यार्थीहरूको चित्रवर्णन क्षमता विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा निकालिएको नतिजालाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

यस शोध अध्ययनका क्रममा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको स्तरलाई हेरेर तिनलाई चार श्रेणीमा विभाजन गरी विश्लेषण गरिएको छ । १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूलाई निम्नस्तरको, ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूलाई मध्यस्तरको, ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूलाई उच्चस्तरको र ८० देखि माथिको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूलाई अति उच्चस्तरको श्रेणीमा विभाजन गरी विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा तथ्याङ्कको विश्लेषण गरिसकेपछि सो तथ्याङ्कलाई तालिका तथा वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

## ३.९ अध्ययनमा साङ्ख्यिकीको प्रयोग

### १. तालिकीकरण

सङ्कलित तथ्याङ्कलाई तालिकामा 'कोलम' ठाडो पङ्क्ति र 'रो' तेर्सो पङ्क्तिमा व्यवस्थित बनाएर राखिएको छ । प्रस्तुत तथ्याङ्कलाई सरल र स्पष्टसँग बुझ्न तथा सरल किसिमले तथ्याङ्कको व्याख्या गर्नका लागि सङ्कलित तथ्याङ्कलाई तालिकीकरण गर्ने क्रममा तालिकाको शीर्षक दिएर तथ्यलाई प्रस्तुत गरिएको छ ।

### २. वृत्तचित्र

प्राप्त तथ्याङ्कलाई वृत्तमा राखेर देखाइने तथ्याङ्कको चित्रात्मक प्रस्तुती नै वृत्तरेखा हो । यसमा ३६०$^{\circ}$ को वृत्तचित्र तथ्याङ्कलाई राखेर देखाइन्छ । तथ्याङ्कलाई वृत्तरेखामा प्रस्तुत गर्नुअघि कोठामा बदलिन्छ । कोणमा बदलिएको तथ्याङ्कलाई प्रोटेक्टरको सहायताले कोण खिचिन्छ र सङ्केत चिह्नको प्रयोग गरी देखाइन्छ । तथ्याङ्कलाई सरल, स्पष्ट र प्रभावकारी रूपमा बुझ्न सकियोस् भन्नाका खातिर यस शोधकार्यको प्रस्तुतिमा वृत्तरेखाको प्रयोग गरिएको छ ।

### ३. मध्यमान

तथ्याङ्क अथवा अङ्कहरूको औसत मानलाई नै मध्यमान भनिन्छ । मध्यमान सरल, स्पष्ट र विश्वासनीय हुनाले मध्यमानको आधारमा समग्र तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत अनुसन्धानमा यसलाई निम्न सुत्रको आधारमा गणना गरिएको छ :

$$\bar{X} = \frac{fm}{N}$$

यहाँ, $\bar{X}$ = मध्यमान

= योगफल

f = आवृत्ति

m = आवृत्ति

N = जम्मा सङ्ख्या ($\phi$f)

## ४. मानक विचलन

जम्मा तथ्याङ्कको मध्यमानदेखिको औसत विचलनलाई मानक विचलन भनिन्छ। यसलाई स्तरीय भिन्नता पनि भनिन्छ । प्रस्तुत अध्ययनमा तथ्याङ्कको मध्यमानता माथिको अङ्क तलको अङ्क, अङ्कहरूको समानता र भिन्नता थाहा पाउन मानक विचनलको प्रयोग गरिएको छ। जसलाई यस सूत्रको आधारमा गणना गरिएको छ :

$$\Im = \sqrt{\frac{fx^2}{N}}$$

यहाँ,  = योगफल

x = X - X❽

$x^2$ = x को वर्ग

N = जम्मा सङ्ख्या

## अध्याय चार

# समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन जनसङ्ख्या छनोटमा परेका ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको व्याख्या तथा विश्लेषणमा केन्द्रित छ । यस शोध अध्ययनका लागि छनोटमा परेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका पचास जना छात्र र पचास जना छात्रा गरी जम्मा सय जना विद्यार्थीहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको स्थिति र विभिन्न पक्षहरूमा विद्यार्थीहरूले गरेको सही प्रयोगको स्थितिलाई मध्यमान र मानक विचलनका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । तथ्याङ्कको विश्लेषणका क्रममा तुलना समेत गरिएको छ । तथ्याङ्कको अध्ययन विश्लेषणले विभिन्न उपशीर्षकहरूअन्तर्गत उल्लेख गरिएको छ ।

## ४.१ समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको स्थिति

विद्यार्थीहरूमा चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा समग्र छनोट गरिएको सय जना विद्यार्थीहरूलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा विद्यार्थी सङ्ख्या र प्रतिशतका आधारमा यसप्रकार उल्लेख गरिएको छ :

**तालिका सङ्ख्या १**

**समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको स्थिति**

| वि.सं. | १ देखि ३९ | | ४० देखि ५९ | | ६० देखि ७९ | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| १०० | १९ | १९ | २९ | २९ | २७ | २७ | २५ | २५ |

यस तालिकाको तथ्याङ्कलाई अध्ययन गर्दा १ देखि ३९ अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १९ जना अर्थात् १९ प्रतिशत गर्ने विद्यार्थीहरूको सङ्ख्या २९ जना अर्थात् २९ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २७ जना अर्थात् २७ प्रतिशत रहेको छ भने ८० भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २५ जना अर्थात् २५ प्रतिशत रहेको छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको १ देखि ३९ अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १९ जना अर्थात् १९ प्रतिशत र मध्यस्तरको ४० देखि ५९ अङ्क प्रापत गर्ने विद्यार्थीहरूको सङ्ख्या २९ जना अर्थात् २९ प्रतिशत रहेको छ । त्यसैगरी उच्चस्तरको ६० देखि ७९ अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २७ जना अर्थात् २७ प्रतिशत रहेको छ भने अतिउच्चस्तर अङ्क ८० देखि माथि प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २५ जना अर्थात् २५ प्रतिशत रहेको छ । यसरी समग्रमा हेर्दा निम्न र अतिउच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या न्यून, मध्यम र उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या अध्याधिक देखिएकाले समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमता मध्यम रहेको पाइन्छ ।

## ४.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको स्थिति

विद्यार्थीहरूको चित्रवर्णनको क्षमता अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा पनि गर्नु आवश्यक छ । अतः यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तालिका सङ्ख्या २**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलना**

| वि.सं | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमान भन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ५५ | ७.४१ | ४१ | ४१ | ५९ | ५९ |

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको चित्रवर्णन क्षमताको प्रापताङ्कको समग्र मध्यमान ५५ र मध्यमानदेखि मानक विचलन ७.४१ रहेको छ । समग्र मध्यमानलाई आधार मान्दा उक्त मधयमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४१ जना अर्थात् ४१ प्रतिशत र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५९ अर्थात् ५९ प्रतिशत रहेकाले विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नै रहेको पाइन्छ । तथापि उक्त परीक्षणको प्राप्ताङ्कमा उच्चतम अङ्क २९ र न्यूनतम अङ्क १९ देखिएको हुनाले विद्यार्थीहरूको सिकाइ स्तर क्षमतामा व्यापक अन्तर रहेको देखिन्छ । त्यसैगरी मध्यमानदेखि मानक विचलन ७.४१ रहेकाले यस आधारमा पनि सिकाइ स्तर असन्तुलित नै देखिन्छ । तसर्थ निदानात्मक शिक्षण गरी कमजोर विद्यार्थीहरूको अवस्था सुधार गर्नुपर्ने देखिन्छ ।

# अध्याय पाँच

# विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन

विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलना गर्न आवश्यक छ । अतः यहाँ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन गरिएको छ । यस क्रममा सुरुमा ती विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको छुट्टाछुट्टै अध्ययन गरी त्यस पश्चात ती दुई प्रकृतिको विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलना समेत गरिएको छ ।

## ५.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता

यस उपशीर्षकमा सामुदायिक विद्यालयका विद्यार्थीहरूका चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । उक्त विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या ३**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क**

| वि.सं. | १ देखि ३९ | | ४० देखि ५९ | | ६० देखि ७९ | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | ९ | १८ | १६ | ३२ | १२ | २४ | १६ | २६ |

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना विद्यार्थीहरूको चित्रवर्णन क्षमता अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत रहेको छ भने ४० देखि ५९ अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १६ जना अर्थात् ३२ प्रतिशत रहेको छ । त्यसैगरी ६० देखि ७९ अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत रहेको छ भने ८० भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या १३ जना अर्थात् २६ प्रतिशत रहेको छ ।

यस तथ्याङ्कलाई हेर्दा निस्नस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत, मध्यस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १६ जना अर्थात् ३२ प्रतिशत, उच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत र अतिउच्च स्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १३ जना अर्थात् २६ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा निम्नस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या अलिक न्यून रहेको देखिन्छ भने मध्यस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या अलिक बढी रहेको छ । उच्च र अतिउच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या लगभग समान हुनाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता

यस उपशीर्षकमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण संस्थागत विद्यालयका आधारमा गरिएको छ । यहाँ संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या ४**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क**

| वि.सं. | १ देखि ३९ | | ४० देखि ५९ | | ६० देखि ७९ | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | १० | २० | १३ | २६ | १५ | ३० | १२ | २४ |

प्रस्तुत तालिकाको तथ्याङ्कलाई अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० जना अर्थात् २० प्रतिशत रहेको छ भने ४० देखि ५९ अङ्कसम्म प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १३ जना अर्थात् २६ प्रतिशत रहेको छ । त्यसैगरी ६० देखि ७९ अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १५ जना अर्थात् ३० प्रतिशत रहेको छ । त्यस्तै ८० भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत रहेको छ ।

यसरी हेर्दा निम्नस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० जना अर्थात् २० प्रतिशत, मध्यस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १३ जना अर्थात् २६ प्रतिशत, उच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १५ जना अर्थात् ३० प्रतिशत र अतिउच्च स्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत रहेको छ । त्यसैगरी निम्नस्तर र मध्यस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २७ अर्थात् बढी देखिएकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलना

यस उपशीर्षकमा चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या ५**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क**

| वि.सं. | १ देखि ३९ | | ४० देखि ५९ | | ६० देखि ७९ | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| सामुदायिक (५०) | ९ | १८ | १६ | ३२ | १२ | २४ | १३ | २६ |
| संस्थागत (५) | १० | २० | १३ | २६ | १५ | ३० | १२ | २४ |

प्रस्तुत तालिकामा दिइएअनुसारका विद्यार्थीमध्ये १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत रहेको छ संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १० जना अर्थात् २० प्रतिशत रहेको छ । त्यस्तै ४० देखि ५९ अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १६ जना अर्थात् ३२ प्रतिशत रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १३

जना अर्थात् २६ प्रतिशत रहेको छ। त्यसैगरी ६० देखि ७९ अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १५ जना अर्थात् ३० प्रतिशत रहेको छ। त्यसैगरी ८० प्रतिशतदेखि माथि अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १३ जना अर्थात् २६ प्रतिशत रहेको छ भने समुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत रहेको छ।

यस तथ्याङ्कको अध्ययन गर्दा निम्नस्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १० जना अर्थात् २० प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको छ। त्यस्तै मध्यस्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १६ जना अर्थात् ३२ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्झा १३ जना अर्थात् २६ प्रतिशत रहेको छ। जसमा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको देखिन्छ। त्यसैगरी उच्चस्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १५ जना अर्थात् ३० प्रतिशत रहेकाले सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको देखिन्छ। यस क्रममा अतिउच्चस्तर अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूका सङ्ख्या १३ जना अर्थात् २६ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूका सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताभन्दा १ जना अर्थात् २ प्रतिशतले मात्रा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनात्मक रूपमा केही बढी चित्रवर्णन क्षमता राम्रो अथवा समान रहेको पाइन्छ।

## ५.४ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता

यस उपशीर्षकमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या ६**

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क**

| वि.सं | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमान भन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५५.२ | ७.४२ | २१ | ४२ | २९ | ५८ |

यस तालिकामा प्रस्तुत गरिएअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको मध्यमान ५५.२ रहेको छ भने मानक विचलन ७.४२ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमानभन्दा कम २१ जना अर्थात् ४२ प्रतिशत र मध्यमानभन्दा बढी २९ जना अर्थात् ५८ प्रतिशत रहेको पाइन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता ८ जना अर्थात् १६ प्रतिशतले बढी रहेको हुनाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता मध्यम रहेको पाइन्छ । त्यसैगरी मानक विचलनालई हेर्दा ७.४२ देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

## ५.५ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता

यस उपशीर्षकमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयकाहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या ७**

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क**

| वि.सं | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमान भन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५४.८ | ७.४० | १९ | ३८ | ३१ | ६२ |

तालिकामा प्रस्तुत गरिएअनुसार प्रतिनिधि संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको मध्यमान ५४.८ रहेको छ भने मानक विचलन ७.४ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क मध्यमानभन्दा कम १९ जना अर्थात् ३८ प्रतिशत, र मध्यमानभन्दा बढी ३१ अर्थात् ६२ प्रतिशत रहेको पाइन्छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता १२ जना अर्थात् २४ प्रतिशतले संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ । त्यसैगरी मानक विचलनलाई हेर्दा भने मानक विचलन ५४.८ देखिनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.६ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूका चित्रवर्णन क्षमताको तुलना

उपशीर्षकमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई यसप्रकार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या ८**


**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूका चित्रवर्णन क्षमताको तुलनाको तथ्याङ्क**

| वि.सं | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमान भन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक (५०) | ५५.२ | ७.४२ | २१ | ४२ | २९ | ५८ |
| संस्थागत (५० | ५४.८ | ७.४० | १९ | ३८ | ३१ | ६२ |

प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या १०० रहेकोमा सामुदायिकतर्फको चित्रवर्णन क्षमताको मध्यमान ५५.२ रहेको छ भने संस्थागततर्फको ५४.८ रहेको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कमा देखिएको मध्यमानलाई आधार मानेर हेर्दा संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता ०.४ अङ्कले बढी पाइएकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको देखिन्छ । सामुदायिकतर्फका विद्यार्थीहरूको मानक विचलन ७.४२ रहेको देखिन्छ भने संस्थागततर्फका ७.४० रहेको छ । यसरी संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलनभन्दा सामुदायिक विद्यालयको ०.०२ ले बढी पाइनुले संस्थागतको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता उच्च रहेको पाइन्छ ।

## वृत्त चित्र सङ्ख्या १

## सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र




यो वृत्तचित्र प्रस्तुत तालिका सङ्ख्यामा आधारित छ। यस वृत्तचित्रमा सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको चित्रवर्णन क्षमताको मध्यमानलाई प्रतिशतमा निकाली विश्लेषण गरिएको छ। सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान प्रतिशत ५५.२ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता प्रतिशत ५४.८ रहेको छ । यसरी हेर्दा संस्थागततर्फको मध्यमानको प्रतिशतभन्दा सामुदायिकतर्फको मध्यमानको प्रतिशत ०.४ ले बढी देखिएकाले चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ।

## अध्याय छ

# लैङ्गिकताका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन

लैङ्गिकताका आधारमा विद्यार्थीहरूको लिखित चित्रवर्णन क्षमताको स्थितिलाई छात्र र छात्रा विद्यार्थीहरूको छुट्टाछुट्टै रूपमा अध्ययन गरिएको छ । जसलाई तल प्रस्तुत गरिएको छ :

## ६.१ छात्रहरूको चित्रवर्णन क्षमता

यस उपशीर्षकमा छात्र विद्यार्थीहरूको चित्रवर्णन क्षमता तथ्याङ्क विश्लेषण गरिएको छ । यहाँ ५० जना छात्रहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या ९**

**छात्रहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क**

| वि.सं. | १ देखि ३९ | | ४० देखि ५९ | | ६० देखि ७९ | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | ७ | १४ | १४ | २८ | १४ | २८ | १५ | ३० |

यस तालिकाअनुसार तथ्याङ्कलाई अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ७ जना अर्थात् १४ प्रतिशत रहेको छ भने ४० देखि ५९ अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १४ जना अर्थात् २८ प्रतिशत रहेको देखिन्छ । त्यस्तै ६० देखि ७९ अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १४ जना अर्थात् २८ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ८० प्रतिशतदेखि माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १२ जना अर्थात् ३० प्रतिशत रहेको देखिन्छ ।

निम्नस्तरको (१ देखि ३९) अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ७ जना अर्थात् १४ प्रतिशत, मध्यस्तरको (४० देखि ५९) अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १४ जना अर्थात् २८ प्रतिशत, उच्चस्तरको (६० देखि ७९) अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या

१४ जना अर्थात् २८ प्रतिशत र अतिउच्चस्तरको अङ्क (८० प्रतिशतभन्दा माथि) प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १५ जना अर्थात् ३० प्रतिशत रहेको छ । यसरी हेर्दा निम्न र मध्यसतरको अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २१ जना उच्च र अतिउच्च अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २९ अर्थात् अत्याधिक देखिएकाले छात्रहरूको चित्रवर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.२ छात्राहरूको चित्रवर्णन क्षमता

यस उपशीर्षकमा छात्राहरूको चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ छात्राहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या १०**

**छात्राहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क**

| वि.सं. | १ देखि ३९ | | ४० देखि ५९ | | ६० देखि ७९ | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| ५० | १२ | २४ | १५ | ३० | १३ | २६ | १० | २० |

यस तालिकामा तथ्याङ्कअनुसार १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत रहेको छ भने ४० देखि ५९ अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १५ जना अर्थात् ३० प्रतिशत रहेको पाइन्छ । ६० देखि ७९ अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १२ जना अर्थात् २६ प्रतिशत रहेको पाइन्छ भने ८० देखि माथिसम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १० जना अर्थात् २० प्रतिशत रहेको पाइन्छ ।

यसरी हेर्दा निम्नस्तरको (१ देखि ३९) अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत, मध्यस्तरको (४० देखि ५९) अङ्क प्राप्त गर्ने १५ जना अर्थात् ३० प्रतिशत, उच्चस्तरको (६० देखि ७०) अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १३ जना

अर्थात् २६ प्रतिशत रहेको पाइन्छ र अतिउच्चस्तरको अङ्क (८० देखि माथि) प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १० जना अर्थात् २० प्रतिशत रहेको पाइन्छ । यस तथ्याङकका आधारमा निम्न र मध्यस्तरको अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २३ रहेकाले छात्राहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.३ छात्र र छात्राहरूको चित्रवर्णन क्षमतको तुलना

यस उपशीर्षकमा छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तुलना अध्ययन गरिएको छ । यहाँ छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या ११**

**छात्र र छात्राहरूको चित्रवर्णन क्षमतको तुलनाको तथ्याङ्क**

| वि.सं. | १ देखि ३९ | | ४० देखि ५९ | | ६० देखि ७९ | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. |
| छात्र (५०) | ७ | १४ | १४ | २८ | १४ | २८ | १५ | ३० |
| छात्रा (५०) | १२ | २४ | १५ | ३० | १३ | २६ | १० | २० |

प्रस्तुत तालिका दिइएअनुसार विद्यार्थीहरूमध्ये १ देखि ३९ अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ७ जना अर्थात् १४ प्रतिशत रहेको छ भने छात्राको सङ्ख्या १२ जना अर्थात् २४ प्रतिशत रहेको छ। त्यस्तै ४० देखि ५९ अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या १५ जना अर्थात् ३० प्रतिशत रहेको छ । त्यसैगरी ६० देखि ७९ अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या १४ जना अर्थात् २८ प्रतिशत रहेको छ भने छात्राको सङ्ख्या १३ जना अर्थात् २६ प्रतिशत रहेको देखिन्छ। ८० प्रतिशतदेखि माथिको अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या १५ जना अर्थात् ३० प्रतिशत र छात्राको सङ्ख्या १० जना अर्थात् २० प्रतिशत रहेको छ ।

यस तथ्याङ्कका आधारमा निम्नस्तरको (१ देखि ३०) अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या छात्रतर्फ ७ अर्थात् १४ प्रतिशत र छात्रातर्फ १२ जना अर्थात् २४ प्रतिशत रहनुले छात्रको तुलनामा छात्राको चित्रवर्णन क्षमता राम्रो रहेको देखिन्छ । त्यस्तै मध्यस्तरको (४० देखि ५९) अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या छात्रतर्फ १४ जना अर्थात् २८ प्रतिशत छ भने छात्रातर्फको सङ्ख्या १३ जना अर्थात् २६ प्रतिशत रहेकाले गर्दा छात्राको तुलनामा छात्रहरूको चित्रवर्णन क्षमता राम्रो रहेको मानिन्छ । त्यसै अतिउच्चस्तर ८० देखि माथि अङ्क प्राप्त गर्ने छात्रतर्फको सङ्ख्या १५ जना अर्थात् ३० प्रतिशत छ भने छात्रातर्फको सङ्ख्या १५ जना अर्थात् ३० प्रतिशत छ भने छात्रातर्फको सङ्ख्या १० जना अर्थात् २० प्रतिशत रहेकाले यी दुवैतर्फको चित्रवर्णन क्षमताको तुलनात्मक अध्ययन गर्दा छात्राको तुलनामा छात्रहरूको चित्रवर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.४ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको चित्रवर्णन क्षमता

यस उपशीर्षकमा छात्रहरूको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या १२**

**मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क**

| वि.सं | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमान भन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २८.८ | ५.३६ | १ | २ | ४९ | ९८ |

तालिकाअनुसार छात्रहरूको चित्रवर्णन क्षमताको मध्यमान २८.८ रहेको छ भने मानक विचलन ५.३६ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा छात्रहरूको चित्रवर्णन क्षमता मध्यमानभन्दा कम १ अर्थात् २ प्रतिशत र मध्यमानभन्दा बढी ४९ जना अर्थात्

९८ प्रतिशत रहेको पाइन्छ । छात्रहरूको चित्रवर्णन क्षमतामा मध्यमानभन्दा कम अङ्क ल्याउने छात्रहरूभन्दा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ४८ जना अर्थात् ९६ प्रतिशतले बढी रहेको पाइन्छ । त्यसैले छात्रहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ । त्यसैगरी मानक विचलनलाई हेर्दा भने यो ५.३६ देखिनुले छात्रहरूको चित्रवर्णन क्षमता उच्च रहेको पाइन्छ ।

## ६.५ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको चित्रवर्णन क्षमता

यस उपशीर्षकमा छात्राहरूको चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या १३**

**मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको चित्रवर्णन क्षमताको तथ्याङ्क**

| वि.सं | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमान भन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २६.२ | ५.११ | ९ | १८ | ४१ | ८२ |

यस तालिकाको तथ्याङ्कलाई अध्ययन गर्दा छात्राहरूको चित्रवर्णन क्षमताको मध्यमान २६.२ रहेको छ भने मानक विचलन ५.११ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम अङ्क प्रापत गर्ने छात्राहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत र मध्यमानभन्दा बढी ४१ जना अर्थात् ८२ प्रतिशत रहेको पाइन्छ । मध्यमानका आधारमा मध्यमानभन्दा बढी छात्राहरूको सङ्ख्यामा ३२ जना अर्थात् ६४ प्रतिशतले बढी देखिन्छ । त्यसैले छात्राहरूको चित्रवर्णन क्षमता सन्तोषजनक रहेको देखिन्छ । त्यसैगरी मानक विचलन ५.११ देखिनुले छात्राहरूको चित्रवर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.६ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तुलना

यस उपशीर्षकमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययनका क्रममा मध्यमान र मानक विचलनका आधारमा तुलना गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कलाई यसप्रकार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या १४**


**मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तुलनाको तथ्याङ्क**

| वि.सं | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमान भन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र (५०) | २८.८ | ५.३६ | १ | २ | ४९ | ९८ |
| छात्रा (५०) | २६.२ | ५.११ | ९ | १८ | ४१ | ८२ |

प्रस्तुत तालिकाअनुसार १०० जना विद्यार्थी सङ्ख्या रहेकोमा छात्रतर्फको चित्रवर्णन क्षमताको मध्यमान २८.८ रहेको छ भने छात्रातर्फका मध्यमान २६.२ रहेको छ । उक्त छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तथ्याङ्कमा देखिएको मध्यमानलाई आधार मान्दा छात्रभन्दा छात्रको चित्रवर्णन क्षमताको २.६ अङ्कले बढी पाइएकाले छात्राको तुलनामा छात्रहरूको चित्रवर्णन क्षमता उच्च रहेको पाइन्छ । यस तथ्याङ्कअनुसार छात्रतर्फको मानक विचलन ५.३६ रहेको देखिन्छ भने छात्रातर्फ मानक विचलन ५.११रहेको छ । यसरी दुवै तर्फको मानक विचलन (०.२५) प्रतिशत छात्राहरूको तुलनामा छात्रहरूको चित्रवर्णन क्षमता राम्रो रहेको देखिन्छ ।

## वृत्तचित्र सङ्ख्या २

## छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्रमा




यो वृत्तचित्र प्रस्तुत तालिका सङ्ख्या १४ मा आधारित छ । यस वृत्तचित्रमा छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको मध्यमानलाई प्रतिशतमा निकाली विश्लेषण गरिएको छ । छात्राहरूको मध्यमान प्रतिशत २८.८ रहेको छ भने छात्राहरूको मध्यमानको प्रतिशत २६.२ रहेको छ । यसरी हेर्दा छात्रातर्फको मध्यानको प्रतिशतभन्दा छात्राहरूको मध्यमानको प्रतिशत २.६ ले बढी देखिएकाले छात्राहरूभन्दा छात्रहरूको चित्रवर्णन गर्ने क्षमता राम्रो रहेको पाइन्छ ।

## अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधकार्य ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययनमा केन्द्रित छ । यस शोधकार्यलाई सातवटा अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एकको शोधपरिचय शीर्षकअन्तर्गत विषय परिचय, समस्याकथन, अध्ययनको उद्देश्य, शोधको सान्दर्भिकता र उपदेयता, शोधकार्यको सीमाङ्कन तथा अध्ययनको रूपरेखा उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ । विषय परिचयअन्तर्गत शोध शीर्षकलाई चिनाउने क्रममा भाषाशिक्षणअन्तर्गत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको बारेमा चिनारी दिइएको छ । भाषाको सबैभन्दा ठूलो एकाई व्याकरण हो । यसमा अभिव्यक्तिको पूर्णता रहेको हुन्छ । चित्रवर्णन लेखाइ सिपसँग सम्बन्धित रहेको हुन्छ र भाषिक अभिव्यक्तिका क्रममा पनि सहयोग पुऱ्याएको छ । ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययनलाई यस शोधकार्यमा मूल समस्या बनाइएको छ । उक्त विद्यार्थीहरूको चित्रवर्णन क्षमतालाई विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययनलाई शोधप्रश्न बनाई यस शोधलाई अघि बढाएको छ । यसै समस्याहरू पत्ता लगाउने र ती समस्याहरूको समाधानका लागि सुझावहरू प्रस्तुत गर्ने उद्देश्य राखिएको कुरा यस अध्यायमा उल्लेख गरिएको छ । प्रस्तुत शीर्षकमा यसभन्दा अघि ललितपुर जिल्लाका शोधअध्ययन नभएकाले यो शोधकार्य सान्दर्भिक छ । यस क्रममा अध्ययन क्षेत्रका रूपमा ललितपुर जिल्लालाई लिइएको छ । ललितपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूलाई पूर्ण जनसङ्ख्या मानिएको छ । त्यसमा पनि सामुदायिक पाँच र संस्थागत पाँच गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई मात्र सीमित गरिएको छ । यी बाहेक अन्य आधारबाट यस शोधमा अध्ययन गरिएको छैन । शोधपत्रको

रूपरेखाअन्तर्गत अध्याय एकमा शोधपरिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा, अध्याय तिनमा विधि र प्रक्रिया, अध्याय चार, पाँच र छमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा व्याख्या तथा विश्लेषण र उपयोगितालाई समग्र अध्ययनको रूपरेखा मानिएको छ ।

यस अध्याय दुईको शीर्षक पूर्वकार्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा रहेको छ । यसमा पनि पूर्वकार्यको समीक्षाअन्तर्गत पुस्तक समीक्षा र शोध समीक्षालाई छुट्टाछुट्टै अध्ययन गरिएको छ । त्यसैगरी अवधारणात्मक ढाँचाअन्तर्गत चित्रको परिचय तथा परिभाषा, शिक्षणका क्रियाकलाप, शिक्षणका आवश्यकता र महत्त्वलाई समावेश गरी विस्तृत रूपमा उल्लेख गरिएको छ ।

अध्याय तिनको शीर्षक अध्ययन विधि र प्रक्रिया रहेको छ । प्रस्तुत शोध अध्यायका क्रममा प्रयोगमा ल्याइएका विधि तथा प्रक्रियाअन्तर्गत जनसङ्ख्याको पहिचान, नमूना छनोट, सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोत, पूर्वपरीक्षण, सामग्रीको मानकीकरण, परीक्षणको कार्यान्वयन, तथ्याङ्क सङ्कलन र विश्लेषण तथा साङ्ख्यिकीको प्रयोगअन्तर्गत तालिकीकरण, वृत्तचित्र, मध्यमान र मानक विचलनजस्ता उपशीर्षकहरूको उल्लेख गरिएको छ ।

अध्याय चारको शीर्षकमा समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमता रहेको छ । समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनमा आधारित भएर चित्रवर्णन क्षमताको अध्ययन गरिएको छ । समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइएको छ ।

अध्याय पाँचको शीर्षक चित्रवर्णन क्षमताको आधारमा विद्यार्थीहरूको अध्ययनलाई विश्लेषण गरिएको छ । यसअन्तर्गत तुलनात्मक रूपमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अध्ययन गरिएको छ । उक्त अध्ययनअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै मध्यमान र मानक विचलनका आधारमा पनि सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता निकालिएको छ ।

अध्याय छको शीर्षक लैङ्गिकताको आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन गरिएको छ । यसअन्तर्गत मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनअनुसार छात्राहरूको तुलनामा छात्रहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ ।

सातौं अध्यायको शीर्षकमा सारांश, निष्कर्ष र उपयोगिता रहेको छ । अध्ययनको सारांशअन्तर्गत सबै अध्यायका कुराहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी शोध अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधका उपयोगितालाई यहाँ नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै रूपमा उल्लेख गरिएको छ । अध्यायको अन्त्यमा परिशिष्ट खण्ड रहेको छ । यसअन्तर्गत पनि प्रतिनिधि नमुना छनोटमा परेका विद्यार्थीहरूको नामावली, जनसङ्ख्या छनोटमा परेका विद्यार्थीहरूको नाम र प्राप्ताङ्क, सबैभन्दा राम्रो र सबैभन्दा नराम्रो उत्तर लेख्ने विद्यार्थीहरूका प्रश्नपत्रमै लेखिएका उत्तरपुस्तिका समावेश गरिएको छ । अन्त्यमा सन्दर्भसूची दिइएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्ययनका क्रममा कक्षा चारमा अध्ययनरत ललितपुर जिल्ला भित्रका ५०/५० जना विद्यार्थीहरू छनोट गरी जम्मा १०० जना विद्यार्थीहरूको चित्रवर्णन क्षमताको परीक्षणका लागि छनोट गरिएका प्रत्येक परीक्षणीय कुराहरू परीक्षणबाट प्राप्त तथ्यको आधारमा विद्यार्थीहरूको विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा चित्रवर्णनसम्बन्धी व्याख्या तथा विश्लेषण गरी निष्कर्षहरू निकालिएको छ, जुन निम्नानुसार रहेका छन् :

- समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको विश्लेषण गर्दा ६० देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५२ देखिनुले समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ ।
- समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमताको मध्यमानलाई हेर्दा मध्यमानभन्दा माथि धेरै प्रतिशत र तल थोरै प्रतिशत देखिनुले समग्र विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको छ ।

- सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन गर्दा ६० देखि माथिको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २८ रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ ।
- संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता अध्ययन गर्दा ६० देखि माथिको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २७ रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ ।
- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमतालाई तुलनात्मक रूपमा विश्लेषण गर्दा सामुदायिकतर्फ ६० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २८ र संस्थागततर्फ २७ जना रहेकाले सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको छ ।
- मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयको विद्यार्थीहरूको चित्रवर्णन क्षमता विश्लेषण गर्दा मध्यमानभन्दा धेरै २९ र मध्यमानभन्दा थोरै २१ जना विद्यार्थीहरू रहेकाले संस्थागत विद्यालयको विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता केही राम्रो छ ।
- मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको विश्लेषण गर्दा मध्यमानभन्दा धेरै ३१ र मध्यमानभन्दा थोरै १९ जना विद्यार्थीहरू देखिएकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको छ ।
- मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताको तुलनात्मक रूपमा अध्ययन गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता राम्रो रहेको छ ।
- वृत्तचित्रको मध्यमान प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमताभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको चित्रवर्णन क्षमता प्रतिशत धेरै रहेकाले राम्रो पाइन्छ ।

- लैङ्गिकताका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण गर्दा ६० देखि माथिको अङ्क प्राप्त गर्न छात्रहरूको सङ्ख्या २९ रहेकाले छात्रहरूको चित्रवर्णन क्षमता राम्रो रहेको छ ।
- लैङ्गिकताका आधारमा विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन तथा विश्लेषण गर्दा ६० देखि माथिको अङ्क प्रापत गर्ने छात्राहरूको सङ्ख्या २३ रहेकाले छात्राहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ ।
- छात्र र छात्राहरूको चित्रवर्णन क्षमताको तुलनात्मक रूपमा विश्लेषण गर्दा छात्रतर्फ २९ र छात्रातर्फ २३ रहेकाले छात्राहरूको तुलनामा छात्रहरूको चित्रवर्णन क्षमता राम्रो रहेको छ ।
- मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको चित्रवर्णन क्षमताको अध्ययन गर्दा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने छात्रा ४९ जना र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्र १ जना देखिनुले छात्रहरूको चित्रवर्णन क्षमता सन्तोषजनक देखिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको चित्रवर्णन क्षमताको अध्ययन विश्लेषण गर्दा मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने छात्रा ४१ जना र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने छात्रा ९ जना देखिनुले छात्राहरूको चित्रवर्णन क्षमता राम्रो रहेको छ ।
- मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको मध्यमानमा २.६ प्रतिशत छात्रहरूको चित्रवर्णन क्षमता धेरै छात्राहरूको चित्रवर्णन क्षमता कम रहेकाले छात्रहरूको चित्रवर्णन क्षमता राम्रो रहेको पाइन्छ ।
- वृत्तचित्रको मध्यमान प्रतिशतका आधारमा छात्राहरूको चित्रवर्णन क्षमताभन्दा छात्रहरूको चित्रवर्णन क्षमता प्रतिशतले धेरै रहेकाले राम्रो रहेको छ ।

## ७.३ उपयोगिता

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नो किसिमको महत्त्व र उपयोगिता रहेको छ । स्वतन्त्र विधाअन्तर्गत रहेको चित्रवर्णन कला एउटा महत्त्वपूर्ण कार्यकलाप हो । जसले भाषाका भाषिक सिपहरूसँग प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ । मौखिक रूपमा अभिव्यक्ति गर्ने लिखित रूपमा उतार्नु अवश्य पनि जटिल कार्य हो । परीक्षाको दृष्टिकोणले हेर्दा पनि त्यस्तै देखिन्छ । त्यसैले कुनै पनि भाषाका भाषिक सिपहरूलाई अलमलाएर शिक्षण गर्न सकिँदैन । कुनै पनि कुराको बोध सुनाइ र पढाइबाट हुन्छ भने अभिव्यक्ति लेखाइबाट हुन्छ । अतः ज्ञानको आदानप्रदान भाषिक सिपहरूबाटै भइरहेको हुन्छ ।

प्रस्तुत अध्ययनको उपयोगिताहरू निम्नानुसार रहेका छन् :

- विद्यालय तहका चित्रवर्णन शिक्षण गर्नुको मूल उद्देश्य मौखिक तथा लिखित सिपको विकास गर्नु भएकाले तार्किक तथा बौद्धिक क्षमताको विकास गर्न प्रस्तुत अध्ययनबाट सहयोग मिल्नेछ ।
- यस अध्ययनबाट विद्यालय तहमा नेपाली भाषा पाठ्यत्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग मिल्नेछ ।
- विद्यार्थीहरूको चित्रवर्णन क्षमता जस्तै भाषा अनुसन्धान गर्नका लागि यस अध्ययनले सहयोग मिल्नेछ ।
- यस अध्ययनले विद्यार्थीहरूको चित्रवर्णन क्षमता सक्षम बनाई स्वभाविक ढङ्गबाट कार्यलाई सबल बनाउन सहयोग मिल्नेछ ।
- यस अध्ययनले विद्यालय तहका सम्पूर्ण पाठ्यपुस्तक लेखन तथा सम्पादनका विद्यार्थीहरूको इच्छाले चाहना क्षमता आदि कुरा विचार गर्दै सिर्जनात्मक अभ्यास गरी पाठ्यपुस्तकलाई प्रकाशनमा ल्याउनु पर्दछ भन्ने कुरामा सहयोग पुऱ्याउनेछ ।
- विद्यालय तहमा नेपाली भाषाशिक्षण गर्दा विषय शिक्षकले अपनाउनु पर्ने भाषिक सचेतताका बारेमा प्रस्तुत अध्ययनले सहयोग पुऱ्याउनेछ ।

### ७.३.१ नीतिगत उपयोगित

प्रस्तुत शोधको नीतिगत उपयोगिताहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- वर्तमान समयमा भाषाशिक्षणका लागि पाठ्यक्रम निर्माण र चित्रवर्णनसम्बन्धी अध्ययन अनुसन्धानका लागि मार्गनिर्देशन गर्दछ ।
- कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णनका क्रममा गर्ने त्रुटिहरूको पहिचान गरी शिक्षणलाई अगाडि बढ्न मार्गनिर्देशन गर्न सहयोग पुग्नेछ ।
- चित्रवर्णनसम्बन्धी शिक्षणका लागि आवश्यक शैक्षिक सामग्री तथा शिक्षण विधिहरूको खोजी गर्न मद्दत पुग्नेछ ।
- विद्यार्थीहरूमा भाषिक अभिव्यक्तिका साथै पढाइ, लेखाइ सिपको विकास गर्न मद्दत पुग्नेछ ।
- शुद्ध स्पष्ट ढङ्गले उच्चारण गर्नका साथै बोध क्षमता अभिवृद्धि गर्न सहयोग मिल्नेछ ।

### ७.३.२ प्रयोगगत उपयोगिता

प्रस्तुत शोधको प्रयोगगत तहका उपयोगिताहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- कुनै वस्तु तथा चित्रवर्णनसम्बन्धी शिक्षणलाई प्रभावकारी बनाउनका लागि यसले सहयोग पुग्नेछ ।
- चित्रवर्णनसम्बन्धी समस्या तथा कठिनाइ क्षेत्र पत्ता लगाई तिनको निराकरण गर्न मार्गनिर्देशन गर्नेछ ।
- शिक्षकलाई पेशागत रूपमा सक्षम बनाउन सहयोग पुग्नेछ ।
- विद्यार्थीहरूको स्तर, क्षमता, आवश्यकताअनुसार विषयवस्तु शिक्षण सामग्री र शिक्षण विधि छनोट गर्न प्रस्तुत अध्ययन उपयोगित देखिन्छ ।
- शिक्षक र विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गर्न सहयोग पुग्नेछ ।
- शिक्षकले उपयुक्त विधि अपनाई शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सहयोग पुग्नेछ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, केशवप्रसाद (२०६०), *कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषाशिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, इन्दिरा (२०६९), *म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खतिवडा, चित्रप्रसाद (२०६६), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चित्र तथा वस्तु वर्णनसम्बन्धी लिखित अभिव्यक्ति क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खनिया, बुद्ध, अधिकारी, राजकुमार र दाहाल, विप्रहरी (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : जुपिटर प्रकाशन तथा वितरण प्रा.लि. ।

ढकाल, शान्तिप्रसाद (२०६९), *नेपाली भाषाशिक्षण,* काठमाडौं : शुभकामना प्रकाशन, ताहाचल ।

ढुङ्गेल, भोजराज र दाहाल दुर्गाप्रसाद (२०५९), *परिचयात्मक नेपाली भाषाशिक्षण,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी ।

धामि, अकबारसिंह (२०७०), *दार्चुला जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

धिताल, दुर्गाकुमारी (२०७१), *बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरत थारुभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

निरौला, दीपकबाबु (२०६२), *कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

निरौला, राजेन्द्र सर्वहारा (२०६५), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

नेपाल, इन्द्रबहादुर (२०६७), *कक्षा छ पूरा गरेका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पोखरेल, काफ्ले र अन्य (२०६९), *नेपाली भाषाशिषण,* काठमाडौं : क्याम्ब्रिज पब्लिकेशन ।

पोख्रेल, राजेन्द्रप्रसाद (२०६६), *कक्षा आठ उत्तिर्ण गरेको विद्यार्थीहरूको वादविवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, उत्तम (२०६५), *सिन्धुली जिल्लाका कक्षा छमा अध्ययनरत दनुवारी मातृभाषी विद्यार्थीहरूको स्तरीय नेपालीमा लिखित अभिव्यक्ति क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *नेपाली भाषाशिक्षण,* काठमाडौं : शुभकामना प्रकाशन, ताहाचल ।

बडु, ठगेन्द्रबहादुर (२०६६), *कक्षा चारमा अध्ययनरत दार्चुलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

मेडे, दानबहादुर (२०६६), *बैतडी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको उच्चारण क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

यादव, सरोजकुमार (२०६१), *सिराहा जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

रेग्मी, विद्यादेवी (२०६४), *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूमा लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

रोकाय, सरु (२०६०), *कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६९), *नेपाली भाषाशिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

शाही, देवीकुमारी (२०६९), *चितवन जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

श्रेष्ठ, यशोदा कुमारी (२०६७), *सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

सुवेदी, धनदेव (२०६०), *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

## परिशिष्ट (क)

### उत्तरपुस्तिका परीक्षणका आधारहरू

| क्र.सं. | प्रश्न सङ्ख्या | प्रश्नको प्रकृति | प्रश्नको अङ्क | उत्तरपरीक्षणका आधारहरू |
|---|---|---|---|---|
| १. | १ | चित्रसम्बन्धी वर्णन | २० | विषयवस्तु - १०,<br>सङ्गठन र शैली - ५<br>शुद्धता - ५ |
| २. | २ | चित्रसम्बन्धी वर्णन | २० | विषयवस्तु - १०,<br>सङ्गठन र शैली - ५<br>शुद्धता - ५ |
| ३. | ३ | चित्रसम्बन्धी वर्णन | २० | विषयवस्तु - १०,<br>सङ्गठन र शैली - ५<br>शुद्धता - ५ |
| ४. | ४ | चित्रसम्बन्धी वर्णन | २० | विषयवस्तु - १०,<br>सङ्गठन र शैली - ५<br>शुद्धता - ५ |
| ५. | ५ | चित्रसम्बन्धी वर्णन | २० | विषयवस्तु - १०,<br>सङ्गठन र शैली - ५<br>शुद्धता - ५ |
| | | | | जम्मा पूर्णाङ्क = १०० |

## परिशिष्ट (ख)

### तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालयहरू

**सामुदायिक विद्यालय**

१. यशोधरा बौद्ध माध्यमिक विद्यालय, थैनाटोल

२. नमुना मच्छिद्र माध्यमिक विद्यालय, लगनखेल

३. प्रभात उच्च माध्यमिक विद्यालय, त्यागल

४. महेन्द्र आदर्श विद्यालय, सातदोबाटो

५. चाइन विना गुरु गनेश विद्यालय, नखिपोट

**संस्थागत विद्यालय**

१. उडभील सकुल, थसिखेल

२. काठमाण्डु सतप्रज्ञा स्कुल, ताल्चिखेल

३. क्यारिवियन स्कुल, महालक्ष्मीथान

४. ब्राइट फ्युचर कलेज, सातदोबाटो

५. समता शिक्षा निकेतन, ग्वार्को

## परिशिष्ट (ग)

### तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यार्थीहरूको विवरण

सामुदायिक विद्यालय

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | निवा युवारे | ८० | २६. | लक्ष्मण वि.क. | ४५ |
| २. | अनुजकुमार साह | ८० | २७. | समिर श्रेष्ठ | ८० |
| ३. | शमिर पराजुली | ४० | २८. | कमला श्रेष्ठ | ४५ |
| ४. | प्रशंसा फ्याल | ५७ | २९. | फनिका बराइली | १३ |
| ५. | सुमन कार्की | ७२ | ३०. | मनिसा राई | ५५ |
| ६. | सर्तक लामा | ८० | ३१. | सुमित्रा तामाङ | २० |
| ७. | कुशल घले | ८० | ३२. | उषा राई | ८० |
| ८. | सरिता लामा | ३४ | ३३. | गौतम कुमार राई | ७० |
| ९. | स्मीता राई | ५२ | ३४. | सुमन भट्टराई | ८० |
| १०. | सपना तामाङ | २० | ३५. | असिम राई | ८० |
| ११. | अप्सरा खातुन | ७१ | ३६. | मनिसा लामा | ७० |
| १२. | अस्मिता मगर | ८० | ३७. | लाड्ली खातुन | ६० |
| १३. | युवराज गुरुङ | ३६ | ३८. | मनिका लामा | ४३ |
| १४. | उत्सव महर्जन | ४४ | ३९. | अस्मिता वि.क. | २४ |
| १५. | लकस राई | ६५ | ४०. | बिनु तामाङ | ५० |
| १६. | विद्यान थापामगर | ४५ | ४१. | अजय भुजेल | ८० |
| १७. | निशान राई | ८० | ४२. | अर्जुन विष्ट | ४० |
| १८. | उर्मिला के.सी. | ५० | ४३. | रोशन मगर | ७० |
| १९. | अदिक्षा वेल्वासे | ७० | ४४. | प्रभात भजेल | ४० |
| २०. | सुरुचि यादव | ६५ | ४५. | उदय गोले | ५५ |
| २१. | प्रशंसा के.सी. | ८० | ४६. | स्मृती राई | २० |
| २२. | कुसुम राई | २० | ४७. | अञ्जली राई | ८० |
| २३. | साजन तामाङ | ३५ | ४८. | लक्ष्मी थापा | ८० |
| २४. | सुजन महतो थारु | ७० | ४९. | सदिक्षा श्रेष्ठ | ७० |
| २५. | राजकुमार राई | ५५ | ५०. | अप्सरा गिरी | ५० |

**संस्थागत विद्यालय**

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | विना वि.क. | ८० | २६. | सृजना प्रमटा | ६२ |
| २. | मोहित सुनुवार | ८० | २७. | सतम राई | २० |
| ३. | दिनेश सारु मगर | ५४ | २८. | आयुषा राई | ८० |
| ४. | द्रव्यराज भट्टराई | ८० | २९. | मेघा महत | ६१ |
| ५. | निखित नेपाल | ६० | ३०. | जेनी राई | ५० |
| ६. | पूर्णिमा गोलागाई | ४१ | ३१. | विराज बज्राचार्य | ७० |
| ७. | प्रतिभा खड्का | ६४ | ३२. | हेमन्त घिमिरे | ८० |
| ८. | सुस्मिता मगर | ८० | ३३. | अञ्जल श्रेष्ठ | ३० |
| ९. | सुरिणा गोङ्वा | ३० | ३४. | दिपेन वायु कोइराला | ६० |
| १०. | प्रशान्त रामदाम | ५० | ३५. | धंशु बज्राचार्य | ५५ |
| ११. | शिशी सुवेदी | ४६ | ३६. | आसृति थापामगर | ८० |
| १२. | शवन श्रेष्ठ | ७० | ३७. | करुना कटुवाल | ४० |
| १३. | सुशिल काकी | ८० | ३८. | दिला बस्नेत | ५० |
| १४. | आयुष पग्जियार | ३० | ३९. | इमा थापामगर | २० |
| १५. | प्राञ्जल सुवेदी | ४६ | ४०. | विश्वास चेपाङ | ७० |
| १६. | सुहाना थापा | ५५ | ४१. | समिन राई | २० |
| १७. | आसिका परिवार | ८० | ४२. | किरन राई | ८० |
| १८. | सिनभिया राई | ७० | ४३. | आयुष के.सी. | ६५ |
| १९. | समिया सुवेदी | २० | ४४. | मिलन के.सी. | ७५ |
| २०. | प्रतिभा पुलामी मगर | ७७ | ४५. | राकेश भुजेल | ३५ |
| २१. | रूपेष बस्नेत | ८० | ४६. | रमा कार्की | ४७ |
| २२. | संघर्ष सुनदास | ५० | ४७. | कल्याण शाही | ८० |
| २३. | आवास पनेरु | ३० | ४८. | संगम कार्की | ५५ |
| २४. | प्रजल घलें | ६० | ४९. | एलिना थापामगर | ६५ |
| २५. | प्रविन शाही | ७० | ५०. | कृष्ण राई | ३० |

# व्यक्तिवृत्त

नाम : जयकला राई

ठेगाना : धरान-१९, सुनसरी

बुबाको नाम : मदन बहादुर राई

आमाको नाम : कृष्ण कुमारी राई

धर्म : हिन्दु

राष्ट्रियता : नेपाली

मोवाइल नं. : ९८४१०२१८९५

**शैक्षिक योग्यता**

| क्र.सं. | शिक्षा | शिक्षण संस्थाको नाम | उत्तीर्ण वर्ष |
|---|---|---|---|
| १. | एस.एल.सी. | श्री सरस्वती मा.वि., पाथेका खोटाङ | २०६२ |
| २. | आइ.एड. | श्री नमुना उ.मा.वि., धरान | २०६५ |
| ३. | बि.एड. | नेशनल मल्टिपल कलेज, धरान | २०६९ |
| ४. | एम.एड. | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर | २०७३ |